# वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०८०/८१



प्रकाशक

प्रदेश सरकार

**पर्यटन, वन तथा वातावरण मन्त्रालय**

कोशी प्रदेश, विराटनगर (नेपाल)

असार, २०८२

# बार्षिक प्रगति प्रतिवेदन

(आ. व. २०८०/८१)

*प्रकाशक*

प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

कोशी प्रदेश, विराटनगर (नेपाल)

असार, २०८२

| | | |
|---|---|---|
| **प्रकाशक** | : | पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>कोशी प्रदेश, विराटनगर, नेपाल |
| **टेलिफोन नं.** | : | ०२१- ४६०२२४, ४६१०४५, ४६३११९ |
| **इमेल** | : | moitfepradesh1@gmail.com |
| **वेबसाइट** | : | https://motfe.koshi.gov.np/ |
| **सर्वाधिकार** | : | © पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर, नेपाल |
| **प्रकाशन मिति** | : | असार, २०८२ |
| **प्रकाशन प्रति** | : | ४३० |

**संरक्षक**

माननीय मन्त्री सदानन्द मण्डल

**सल्लाहकार**

प्रदेश सचिव, विशाल घिमिरे

महाशाखा प्रमुख, ध्रुव कुमार भण्डारी

महाशाखा प्रमुख, अखिलेश कुमार गुप्ता

महाशाखा प्रमुख, गुरु प्रसाद दाहाल

महाशाखा प्रमुख, विजय राई

**सम्पादन**

राजेश तामाङ, बैज्ञानिक अधिकृत

विनिता सुवेदी, वन अधिकृत

**सुचना तथा तथ्याङक**

हरि प्रसाद लामिछाने, बरिष्ठ शाखा अधिकृत

दिपक पोखरेल, वन अधिकृत

हरिशंकर झा, वातावरण निरीक्षक

रमेश नेपाल, कानून अधिकृत

कुल प्रसाद यादव, इन्जिनियर

पेशल कुमार पौडेल, शाखा अधिकृत

ISBN : 978-9937-1-8685-8

**मुद्रण** : रोशिका अफसेट प्रेस, विराटनगर-११, मोरङ

प्रदेश सरकार

# पर्यटन, वन तथा वातावरण मन्त्रालय

कोशी प्रदेश, विराटनगर (नेपाल)



## शुभकामना

नेपालको पूर्वी क्षेत्रमा पर्ने कोशी प्रदेश प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा अनेकौ जैविक विविधताले भरिपूर्ण प्रदेश हो । यस प्रदेशमा नेपालको सवैभन्दा होचो भू-भाग झापा जिल्लामा पर्ने केचनाकवल देखि विश्वकै सबैभन्दा अग्लो शिखर सगरमाथासम्म रहेको छ । यस धर्तिकै पहिलो तिर्थस्थल बराहक्षेत्र, चतराधाम, रामधुनीदेखि हलेशी, पाथीभरा जस्ता धार्मिकस्थल, महाभारतकालीन बिराट राजाको दरबार, उदयपुर गढी जस्ता ऐतिहासिक सम्पदा, कोशीटप्पु, माइपोखरी र गोक्यो जस्ता रामसार क्षेत्र लगायतका प्राकृतिक सम्पदाले यो प्रदेश भरिपूर्ण रहेको छ । कोशी प्रदेश सरकारले सम्वत् २०८२ लाई कोशी प्रदेश पर्यटन वर्षको रुपमा मनाउने घोषणा गरेदेखि नै यस मन्त्रालयले पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रमहरु तय गरी कार्यान्वयन भइरको छ । यस अवसरमा कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

यस मन्त्रालयले पर्यटन क्षेत्रका साथै वन, वातावरण, जैविक विविधता जस्ता विषयक्षेत्रहरुको नीति, नियम, ऐन, कानुन तर्जुमा गर्नुका साथै कार्यक्रमहरु कार्यान्वयन गर्ने कार्यहरु गर्दै आइरहेको छ । यस मन्त्रालयले हासिल गरेका उपलब्धीहरु नागरिक समक्ष पुऱ्याउनका लागि आर्थिक वर्ष २०८०/८१ मा भए गरेका कृयाकलापहरु समेटेर **वार्षिक प्रगति प्रतिवेदन** प्रकाशन भएको छ । यो प्रकाशनले आम जनताको चासोको विषयमा रहेको पर्यटन, वन तथा वातावरणको क्षेत्रमा भएको विकासको बारेमा अवगत हुनुका साथै प्रदेशको समग्र विकासका लागि के कस्ता सम्भावना रहेको छ भन्ने विषयमा समेत जानकारी हुने मैले विश्वास लिएको छु ।

अन्तमा, मन्त्रालयको प्रगति उत्कृष्ट वनाउन अहोरात्र खटिनुहुने प्रदेश सचिव श्री विशाल घिमिरे लगायतका मातहतका निकायका कार्यालय प्रमुखहरु र मन्त्रालयका समग्र कर्मचारी परिवार प्रति विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी विनियोजित वजेट तथा कार्यक्रमहरुलाई संचालन गर्न सहयोग गर्नुहुने तमाम् सेवाग्राही उपभोक्ता, संघ संस्था, समिति, स्थानीय तह, राजनैतिक दल, प्राविधिकहरु समेतलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

माननीय सदानन्द मण्डल

मन्त्री

*"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"*

विषयसूची


**विषयवस्तु** **पेज नं.**

**१. प्रदेश परिचय ........ १**

१.१ वनका प्रकार र वनस्पतिहरु ........ २

१.२ मुख्य वन्यजन्तुहरु ........ ३

१.३ मुख्य गैरकाष्ठ वन पैदावार र जडीवुटीहरु ........ ३

१.४ वन क्षेत्रको अवस्था ........ ३

१.४.१ राष्ट्रिय वन तथा सामुदायिक वन ........ ३

१.४.२ कबुलियती वन ........ ४

१.४.३ धार्मिक वन ........ ४

१.४.४ साझेदारी वन ........ ४

१.४.५ निजी वन ........ ४

१.५ संरक्षित वन र संरक्षित क्षेत्रहरु ........ ५

**२. मन्त्रालयको परिचय ........ ६**

२.१ मन्त्रालयको क्षेत्रगत सोच ........ ६

२.२ संगठन संरचना ........ ७

२.३ मन्त्रालयको कार्य जिम्मेवारी ........ ७

२.४ नीति र कानुन निर्माणको अवस्था ........ ९

**३. वार्षिक प्रगति विवरणहरु ........ ११**

३.१ आ.व. २०७४/७५ को कार्यक्रमगत वार्षिक प्रगति ........ १४

३.३ आ.व. २०७६/७७ को कार्यक्रमगत वार्षिक प्रगति ........ १९

३.४ आ.व. २०७७/७८ को कार्यक्रमगत वार्षिक प्रगति ........ २२

३.५ आ.व. २०७८/७९ को कार्यक्रमगत वार्षिक प्रगति ........ २३

३.६ आ.व. २०७९/८० को कार्यक्रमगत वार्षिक प्रगति ........ २४

३.७ आ.व. २०८०/८१ को कार्यक्रमगत वार्षिक प्रगति ........ २७

३.८ आ.व. २०८१/८२ को कार्यक्रमगत वार्षिक प्रगति (जेठ महिना सम्म) ........ ३९

**४. अनुसूचीहरु ........ ४५**

**अनुसूची १ मन्त्रालय अन्तरगत तथा वन क्षेत्र सम्वन्धि कार्यालयहरुको सम्पर्क विवरण ........ ४५**

**अनुसूची २ पर्यटन पूर्वाधार विकास सम्वन्धी तथ्याङ्क ........ ४७**

**अनुसूची ३ काठ दाउरा उत्पादन विवरण ........ ४८**

**अनुसूची ४ कोशी प्रदेशमा हात्तीबाट सिर्जित घटना र राहत वितरणको विवरण ........ ५०**

**अनुसूची ५ कोशी प्रदेश पर्यटन वर्ष २०८२ का प्रवर्द्धनात्मक कार्यक्रमहरु ........ ५१**

**अनुसूची ६ कोशी प्रदेशका केहि पर्यटकीय स्थलहरुको जानकारी ........ ५४**

**५. सन्दर्भ सामाग्रीहरु ........ ६५**

## १. प्रदेश परिचय

**कोशी प्रदेश पूर्वी नेपालको** हिमाल, पहाड र तराईसम्म फैलिएको छ । यस **प्रदेश राजधानी वृहत विराट क्षेत्र विराटनगरमा रहेको छ । प्रदेश सरकार संचालनका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सहित ९ वटा मन्त्रालयहरुको स्थापना भएको छ ।** यस कोशी प्रदेशमा मेची अंचलका ताप्लेजुङ, पाँचथर, इलाम र झापा; कोशी अंचलका संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी र मोरङ; सगरमाथा अंचलका सोलुखुम्बु, खोटाङ, ओखलढुंगा र उदयपुर गरि जम्मा १४ वटा जिल्लाहरु पर्दछन् । यी १४ जिल्लालाई ५६ प्रादेशिक निर्वाचन क्षेत्र कायम गरी ९३ जनाको प्रादेशिक सभा रहने व्यवस्था रहेकोछ । यस प्रदेशको पुर्वतर्फ भारतको पश्चिमबंगाल राज्य र दक्षिणतर्फ बिहार राज्य पर्दछन | यसै गरि उत्तरतर्फ चीनको स्वशासित क्षेत्र तिब्बत र पश्चिमतर्फ तराई भेगमा मधेश प्रदेश र पहाडी भेगमा बागमती प्रदेश पर्दछन् । यसको भौगोलिक अक्षांश २६ डिग्री २२ मिनेट देखि २८ डिग्री ६ मिनेट उत्तर र ८६ डिग्री ९ मिनेट देखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । यस प्रदेशको कुल क्षेत्रफल २५,९०५ वर्ग कि.मि. अर्थात नेपालको कुल भूभागको १७.६० प्रतिशत ओगटेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्या ४९,६१,४१२ जना रहेको छ, जसमध्ये पुरुषको संख्या २४,१७,३२८ (४८.७२ प्रतिशत) र महिलाको संख्या २५,४४,०८४ (५१.२८ प्रतिशत) छ ।

कोशी प्रदेशको "*स्वच्छ, सुखी र समुन्नत प्रदेश*" को दीर्घकालीन सोचसंग तादात्म्य हुनेगरी "*सुशासित, खुसी, आर्थिकरुपले गतिशील र समुन्नत प्रदेश*" को सोचका साथ दोस्रो आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६) लागू भएको छ । यस योजनाले कृषि, पर्यटन, उद्योग, विद्युत, शिक्षा, स्वास्थ, विज्ञान तथा प्रविधिको विकासबाट रोजगारी र समन्यायिक आर्थिक विकासलाई प्राथमिकतामा राखिएको छ ।

जातीय तथा भाषिक विविधता रहेको यस प्रदेशमा मुख्यरुपमा राई, लिम्बु, थारु, लेप्चा, तामाङ, गुरुङ, मेचे, कोचे, यादव, राजवंशी, ब्राम्हण, क्षेत्री लगायतका जातिहरुको बसोबास रहेको छ भने नेपाली, किराती, लिम्बु, तामाङ, गुरुङ, लेप्चा, मगर र मैथिली, थारु भाषा मुख्य रुपमा बोलिन्छन् । सामुद्रिक सतहदेखि माथिको उचाइको हिसाबले यस प्रदेशमा नेपालकै सवैभन्दा होचो स्थान झापाको केचनाकवल ६० मीटर देखि विश्वकै सर्वोच्च शिखर सगरमाथा ८,८४८ मीटरसम्म रहेको छ । यस प्रदेशमा सगरमाथा लगायत कन्चनजंगा, मकालु, चोयु, लोत्से आदि हिमालहरुको अवस्थितिले मित्रराष्ट्र चीनसँग प्राकृतिक सीमाको काम गरेको छ | यस प्रदेशमा ईलामको अन्तुडाडा, कन्याम, धनकुटाको भेडेटार, सोलुखुम्बुको नाम्चेबजार, सगरमाथा आधार शिविर तथा सुनसरीको तालतलैया लगायतका पर्यटकीय स्थलहरु रहेका छन् । प्राकृतिक सम्पदा, वन्यजन्तु तथा पशुपंक्षीको संरक्षण गर्ने हेतुले स्थापना गरिएका सगरमाथा राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज, कोशी टप्पु वन्यजन्तु आरक्ष, कन्चनजंगा संरक्षण क्षेत्र लगायत ह्यातुङ झरना तथा टोड्के र पकली जस्ता ठुला र लामा झरनाहरु पनि यसै प्रदेशमा रहेको छन् ।

सुन्दर पहाड र हिमवत् खण्ड, उच्च हिम श्रृखलालगायत प्राकृतिक सम्पदाले सुशोभित दक्षिणपूर्वी एसियामा अवस्थित नेपाल धार्मिक तथा सांस्कृतिक दृष्टिलेसमेत सम्वृद्ध छ । असंख्य मठ, मन्दिर, पाटी, पौवा, गुम्बा, मस्जिदले भरिपूर्ण नेपालको पूर्वी भागमा रहेको यस कोशी प्रदेशमा विभिन्न प्रसिद्ध धार्मिक तीर्थस्थलहरु जस्तै: ताप्लेजुङको पाथिभरा देवीको मन्दिर, इलामको माइपोखरी, झापाको कन्काई, अर्जुनधारा र सताक्षी धाम, सुनसरीको बराह क्षेत्र, बुढा सुब्बा, पिण्डेश्वरी, दन्तकाली र रामधुनी, खोटाङको हलेसी महादेवलगायत बराह पोखरी, भोजपुरको साल्पा पोखरी, ओखलढुङ्गाको दुधकुण्ड, कालिका देवी, धनकुटाको छिन्ताङ देवी आदि प्रख्यात धार्मिक स्थलहरु रहेका छन्। यी स्थलहरुमा स्वदेशी तथा विदेशी तिर्थालुहरुको प्रगाढ आस्था रही आएको छ। वर्षेनी हजारौं भक्तजन तथा तिर्थयात्रीहरुको आगमनले धार्मिक पर्यटनमा टेवा पुगेको पाइन्छ।

## १.१ वनका प्रकार र वनस्पतिहरु

नेपालको दक्षिणी सिमानादेखि उत्तरी सिमाना सम्म औषत दूरी १९३ कि.मी. रहेको छ । नेपालको भौगोलिक र जलवायुको विविधता कारण वनजंगल र वनस्पतिको प्रकार (Forest and vegetation types) मा समेत धेरै विविधताहरु रहेका छन् । यस प्रदेशमा वन क्षेत्रले ओगटेको क्षेत्रफल ४४.४४ प्रतिशत वन र ४.५२ प्रतिशत बुट्यान गरी जम्मा क्षेत्र ४८.९६ प्रतिशत रहेकोछ । यस क्षेत्रमा पाइने प्रमुख वनजंगल र वनस्पतिका प्रकारहरु देहायमा दिईएको छ ।

क) उष्ण प्रदेशीय वन (Tropical forest): (झापा, मोरङ्ग, सुनसरी, तथा इलाम, धनकुटा र उदयपुर जिल्लाको तल्लो चुरे क्षेत्रको १००० मि. उचाइसम्म)

अ) साल वन: साल, असना (साज), बाँझी, हल्दू (कर्मा), बोटधंगेरो, क्यामुना, हर्रो, बर्रो, जामुन, टाटरी, मैना, भलायो, कुम्भी, आँप आदि ।

आ) सिसौं—खयर वन: सिसौ, खयर, पिठारी, सिमल, धमिना, पिडार, अमला, विलनी, भेल्लोर, करम आदि ।

ख) उपोष्ण प्रदेशीय वन (Sub-tropical forest): (इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, भोजपुर, उदयपुर, खोटाङ्ग र ओखलढुङ्गा आदि जिल्लामा १००० मि. देखि २००० मि. उचाईसम्म)

अ) सल्लाको वनः खोटे/रानी सल्ला, तिल्के, धयरो, भकीअमिलो ।

आ) कटुस—चिलाउने वनः ढाले कटुस, चिलाउने, मलातो, पात्ले कटुस, मुसुरे कटुस, काग भलायो, सिरिस, कुटमेरो, अमला, रानी भलायो आदि ।

इ) उत्तिस वनः उत्तिस, मलातो, गुयालो, वनमारा, अलैची, अम्रीसो, सिस्नो, अल्लो ।

ग) समशितोष्ण वन (Temperate forest) (ताप्लेजुङ्ग, इलाम, पाँचथर, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, उदयपुर, खोटाङ्ग, ओखलढुङ्गा र सोलुखुम्बु आदि जिल्लामा २००० मि. देखि २८०० मि. उचाईसम्म)

अ) फलाँट वन: फलाँट, खस्रु, चुत्रो, जमानेमान्द्रो, सौर, गुराँस, चिराइतो, अर्घेली, लोक्ता आदि ।

इ) सल्ला वन: खोटे सल्ला, गोब्रे सल्ला, लौठसल्ला, स्प्रुस आदि ।

घ) शितोष्ण वन (Sub-alpine forest) (ताप्लेजुङ्ग, संखुवासभा, सोलुखुम्बु आदि जिल्लामा लगभग ३८०० मि. उचाइसम्म)

अ) तालिसपत्र वन: तालिसपत्र, झुले सल्ला, ठिङ्ग्रे सल्ला, हिमाली सल्ला, सुन चाँप, घोगे चाँप आदि ।

आ) गुराँस वन: गुराँस, रातो चिमाल, सेतो चिमाल, सुनपाती, पदमचाल आदि ।




*नक्सा: कोशी प्रदेश को वन क्षेत्र*

## १.२ मुख्य वन्यजन्तुहरु

यस क्षेत्रमा लोपोन्मुख, संकटापन्न देखि सामान्य खालका बन्यजन्तुहरु पाईन्छन् । यस क्षेत्रमा पाईने संरक्षित वन्यजन्तुहरुमा जंगली हात्ती, अर्ना, कस्तुरी मृग, हाब्रे, डल्फीन, सालक, ध्वाँसे चितुवा, हिउँ चितुवा, गौरीगाई, सुनगोहोरो, अजिङ्गर, डाँफे र मुनाल पर्दछन् । यहाँ पाईने अन्य वन्यजन्तुहरु चित्तल, रतुवा मृग, बँदेल, भालु, बाँदर, निलगाई, दुम्सी, मलसाँप्रो, बाँदर, लंगुर, घोरल, झारल, थार, मयूर, आदि हुन् ।

## १.३ मुख्य गैरकाष्ठ वन पैदावार र जडीवुटीहरु

यस क्षेत्रमा सतुवा, विषमा, पाँचऔंले, जटामसी, सर्पगन्धा (चाँदमरुवा), सतिसाल, सिमल, खयर, वन तरुल, लौंठसल्ला, चाँप, खरी उन्यू आदि लोपोन्मुख गैह्रकाष्ठ वनस्पतिहरु पाईन्छन् । त्यस्तै गैह्रकाष्ठ तथा जडीबुटीहरुमा चिराइतो, अलैची, इन्द्रेणी, कुरिलो, सुगन्धवाल, पाखनवेद, ठूलो ओखती, हर्रो, बर्रो, अमला, तेजपात, वोके टिम्मुर, टोटला, गुर्जो लहरा, लज्जावति, बेल, रुदिलो, हरचुर, चाबो, जेठीमधु, रिठ्ठा, मजिठो, ओखर, काउलो, कुटकी, दालचिनी, यार्सागुम्बा, पिपला, पदमचाल, वनलसुन, झ्याउ, सुनाखरी, अल्लो, लोक्ता आदि रहेको छन् ।

## १.४ वन क्षेत्रको अवस्था

### १.४.१ राष्ट्रिय वन तथा सामुदायिक वन

यो प्रदेशमा ५९८४७.२४ हेक्टर वन सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन भएको छ । यस प्रदेशमा ३७११ वटा सामूदायिक वन रहेका छन् । यसले ओगटेको क्षेत्रफल जम्मा ४,५१,९६४.३७ हे. रहेको छ । पहाडी क्षेत्रका वनहरु अधिकांश स्थानीय समुदायहरुको सहकार्यमा सामुदायिक वनको रुपमा हस्तान्तरण गरी व्यवस्थापन हुँदै आएको छ।

### १.४.२ कबुलियती वन

केही पहाडी जिल्लाहरुमा गरिबीको रेखामुनी रहेका समुदायहरुको निमित्त कवुलियती वनको कार्ययोजना तयार गरी हस्तान्तरण पश्चात तिनीहरुको सहकार्यमा वनहरु व्यवस्थापन हुदै आएको छ । यी वनहरु हैसियत बिग्रेका हुन्छन् । यस्ता कबुलियती वनहरु हस्तान्तरण गंरिदा कुनै किसिमको शुल्क लाग्दैन तर व्यवसायिक रुपमा हस्तान्तरण भएका कबुलियती वनहरुमा राजस्व लाग्ने प्राबधान छ ।

### १.४.३ धार्मिक वन

धार्मिक वन भन्नाले वनको विकास, संरक्षण र उपयोग गर्न कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वन सम्झनु पर्छ । सामुदायिक वन र कबुलियती वन बाहेक डिभिजन वन कार्यलयले केही वन क्षेत्रहरु कार्य योजना वनाई धार्मिक वनको रुपमा व्यवस्थापन हुदै आएको छ । जिल्लाहरुमा धार्मिक स्थल, मठ मन्दिर, देउता थानहरु नजिक रहेका वनहरु पनि धार्मिक स्थलको नाममा धार्मिक वनहरु स्थापना भएको देखिन्छ र ती वनहरु संरक्षणको उद्देश्य लिई हस्तान्तण गरिएका हुन्छन् ।

### १.४.४ साझेदारी वन

तराईका जिल्लाहरु मध्ये मोरङ्ग जिल्लामा ४ वटा साझेदारी वनहरु सरकार, वन उपभोक्ता र स्थानीय तहहरुको साझेदारीमा व्यवस्थापन गरिएको छ । यी वनहरु नेपाल सरकार, स्थानिय निकाय र स्थानिय उपभोक्ताहरुको सहकार्यमा व्यव्स्थापन गरिने मोडालिटीमा हस्तान्तरण गरिएको हुन्छ । यसको क्षेत्रहरु ठूलो हुन्छ र उपभोक्ताहरु पनि धेरै हुन्छन् । साझेदारी वनमा प्राय गरेर दक्षिण भारत सँग जोडिएको सिमाना सम्मका उपभोक्ताहरुलाई समेटी समूहहरु बनाएका हुन्छन् । यसैगरी सुनसरी र धनकुटा जिल्लामा १/१ वटा चाक्ला वन व्यवस्थापन गरिएको छ ।

### १.४.५ निजी वन

किसानले आफ्नो निजी हकभोकको जग्गामा लगाएको वन हो । वर्तमना समयमा यस्को क्षेत्रको तिब्र विकास भएको देखिन्छ । यसले निजी वन पैदावारहरुको आपूर्ति त गर्छ नै साथसाथै यसले पर्यावरणको क्षेत्रमा राम्रो योगदान दिएको । अहिले जनशक्तिको अभावले मानिसहरु खेती गर्ने कामदारहरुको अभावमा खेत खाली रहनु भन्दा निजीवन लगाउने तर्फ आकर्षण बढेकाले निजी वनको संख्या बढ्दै गएको छ । निजी वनमा उत्पादन भएको काठ दाउराहरु अहिले फर्निचर उद्योगहरुको संचालनमा ठूलो राहत मिलेको छ । तथ्यांक हेर्दा धेरै काठ बिक्रीबाट धेरै नै बिक्री कर सरकारलाई प्राप्त भएको देखिन्छ ।

**कोशी प्रदेशमा रहेका वन व्यवस्थापन पद्दतिहरुको विवरण**

| सि.नं. | पद्धति | संख्या | क्षेत्रफल (हे) | घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | सरकारद्वारा व्यवस्थित वन | | ५९८४७.२४ | - |
| २ | सामुदायिक वन | ३७११ | ४,५१,९६४.३७ | ५,५७,४९७ |
| ३ | साझेदारी वन र चक्ला वन | ४+१ | १०८३७.४९ | १,६३,७८० |
| ४ | कबुलियती वन | ९८५ | ४३६५.६६ | ८७८८ |
| ५ | धार्मिक वन | ४४ | ४७०.८५ | - |
| ६ | निजी वन | २०८२ | २०४२.६ | - |
| | **जम्मा** | **६८२७** | **४,६९,४८१** | **७,३०,०६५** |

## १.५ संरक्षित वन र संरक्षित क्षेत्रहरु

संरक्षित क्षेत्रहरुमा राष्ट्रिय निकुञ्जहरु, आरक्षहरु, संरक्षित क्षेत्रहरु तथा रामसार क्षेत्रहरु पर्दछन् । यी क्षेत्रहरुमा खास गरेर वन्यजन्तुहरुको बासस्थान व्यवस्थापन र वन्य जन्तुहरुको संरक्षण गरिन्छ । यी क्षेत्रहरुले २९९६ बर्ग किलो मीटर र रामसार क्षेत्रहरुमा १७५ बर्ग किलोमिटर ठाउँ ओगटेको छ । सुनसरी जिल्लामा रामधुनी संरक्षित वन रहेको छ जुन २०५३.९८ हेक्टरमा फैलिएको छ जसले १५५६९ घरधुरी लाभान्वीत भएका छन् । कोशी प्रदेशमा २ वटा राष्ट्रिय निकुञ्ज, १ वटा आरक्ष, २ वटा संरक्षण क्षेत्र र ३ वटा रामसार क्षेत्रमा सूचीकृत भएका छन् तिनीहरुको विवरण तलको तालिकामा दिईएको छ ।

| क्र.स. | नाम | स्थापना वर्ष | क्षेत्रफल ($km^2$) |
|---|---|---|---|
| १ | सगरमाथा राष्ट्रिय निकुञ्ज, सोलुखुम्बु | वि. सं २०३२ | ११४८ |
| २ | मकालु-बरुण राष्ट्रिय निकुञ्ज, संखुवासभा | वि. सं २०४८ | १५०० |
| ३ | कोशीटप्पु वन्यजन्तु आरक्ष, सुनसरी | वि. सं २०३२ | १७५ |
| ४ | कंचनजंघा संरक्षण क्षेत्र, ताप्लेजुङ | वि. सं २०४४ | २०३५ |

**रामसार क्षेत्र**

| | | | |
|---|---|---|---|
| १ | गोक्यो ताल क्षेत्र, सोलुखुम्बु | सन् २००७ | ७७७० हे. |
| २ | कोशीटप्पु वन्यजन्तु आरक्ष, सुनसरी | सन् १९८७ | १७५०० हे. |
| ३ | माई पोखरी, इलाम | सन् २००८ | ९० हे. |

**मध्यवर्ती क्षेत्र**

| क्र.स. | नाम | स्थापना वर्ष | क्षेत्रफल ($km^2$) |
|---|---|---|---|
| १ | सगरमाथा राष्ट्रिय निकुञ्ज, सोलुखुम्बु | वि. सं २०५८ | २७५ |
| २ | मकालु-बरुण राष्ट्रिय निकुञ्ज, संखुवासभा | वि. सं २०५५ | ८३० |
| ३ | कोशीटप्पु वन्यजन्तु आरक्ष, सुनसरी | वि. सं २०६१ | १७३ |

## २. मन्त्रालयको परिचय

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगरको स्थापना प्रदेश सरकारको मिति २०७९/१०/०८ गतेको निर्णयानुसार मिति २०७९/१०/११ गते भएको हो । यस मन्त्रालय मिति २०७४/१०/२९ मा स्थापित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट मिति २०७८/१०/१६ गते देखि वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयको रुपमा संचालन भइ पुनः संयोजन भइ स्थापना भएको हो । नेपालको पूर्वी क्षेत्रमा पर्ने १४ वटा जिल्लाहरु समेटिएको यस प्रदेशमा *प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९* अनुसार ९ वटा मन्त्रालयहरु स्थापना भएका छन् । यस मन्त्रालयको कार्यक्षेत्रको रुपमा पर्यटन, वन, वन्यजन्तु, वन पैदावर, भू-संरक्षण, जलवायु परिवर्तन, पर्यावरण र जैविक विविधताका विषयक्षेत्रका ४१ वटा कार्यविवरणहरु रहेका छन् । यस मन्त्रालयको मातहतमा प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, पर्यटन कार्यालय, पर्यटन विकास आयोजना र जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई रहेका छन् । यसले नेपालको सबैभन्दा होचो भाग झापा जिल्लाको केचनाकवल देखि विश्वको सर्वोच्च शिखर सगरमाथासम्मका वन जंगल, वन्यजन्तु, वनस्पति, जडीबुटी, भू-संरक्षण, प्राकृतिक पारिस्थितिक प्रणाली, जैविक विविधताजस्ता विषयवस्तुको योजना वनाउने, लागू गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्छ ।

नेपालको संविधानले पर्यावरणीय दिगो विकासको सिद्धान्त अवलम्बन गर्ने नीति अङ्गीकार गरेको छ । दिगो विकास लक्ष्यले जलवायु परिवर्तन र यसका असरसँग जुध्न तत्काल कार्य गर्न आवश्यक रहेको कुरा निर्दिष्ट गरेको छ । विश्वव्यापी जलवायु परिवर्तनको असरले गर्दा अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो लगायतका प्रकोपको बढ्दो असर भोग्नु परेको छ । जल तथा मौसम विज्ञान विभागको अध्ययनले गर्मी हुने दिनको सङ्ख्यामा वृद्धि, जाडो हुने दिनको सङ्ख्यामा कमी र तापको मात्रामा केही परिवर्तन आएको देखाएको छ । वातावरणीय सन्तुलन कायम राख्न तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै अनुकूलन अभिवृद्धि गर्न हरित विकासको अवधारणालाई अवलम्बन गर्नु आवश्यक छ । यसका लागि मन्त्रालयले वातावरणको स्वच्छता कायम गर्न तथा पूर्वाधार निर्माणमा वातावरणीय सन्तुलन कायम गर्नका लागि प्रस्तावित विकास आयोजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदनहरु पुनरावलोकन गरी स्वीकृति प्रदान गर्ने र सोको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्दै आएको छ । यसका साथै वातावरणीय सरसफाईका लागि जनचेतना अभिवृद्दी गर्ने विविध कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

यस मन्त्रालयले भू तथा जलाधार व्यवस्थापनको क्षेत्रमा बाढी पहिरो नियन्त्रण, गल्छी कटान रोकथाम, पानी मुहान संरक्षण, सडक किनारा संरक्षण लगाएतका विभिन्न कृयाकलापहरु आफ्नो मातहतका निकायहरुबाट सम्पादन गर्दै आएको छ ।

### २.१ मन्त्रालयको क्षेत्रगत सोंच

- पर्यटन क्षेत्रको दिगो विकास मार्फत आर्थिक वृद्धि र समृद्धिमा योगदान ।
- वन, वनस्पति सम्पदा तथा जैविक विविधताको संरक्षण मार्फत हरित अर्थतन्त्र सहितको स्वच्छ र समृद्ध प्रदेश ।
- स्वच्छ वातावरणको प्रवर्धनबाट दिगो विकास ।
- जलवायु परिवर्तनको असर न्यूनीकरण मार्फत दिगो विकासको लक्ष्य प्राप्ति ।

## २.२ संगठन संरचना

- प्रदेश वन निर्देशनालयः १ वटा (धरान)
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रः १ वटा (तरहरा)
- डिभिजन वन कार्यालयः १५ वटा (१३ जिल्लामा १/१ वटा र उदयपुरमा २ वटा)
- भू तथा जलाधार व्यवस्थापन कार्यालयः २ वटा (धनकुटा र ओखलढुङ्गा)
- जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाइः १ वटा (विराटनगर)
- पर्यटन कार्यालः २ वटा (धरान र काकडभिट्टा)
- पर्यटन विकास आयोजनाः १ वटा (विराटनगर)
- केचना कंचनजंघा पर्यटन विकास समितिः १ वटा (इलाम)

### पर्यटन, वन तथा  वातावरण मन्त्रालयको स्वीकृत संगठन संरचना (२०७९)




## २.३ मन्त्रालयको कार्य जिम्मेवारी

नेपालको संविधान २०७२ को धारा १७४ को उपधारा (१) वमोजिम यस प्रदेशको प्रदेश मन्त्रिपरिषद्ले स्वीकृत गरेको प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को नियम ४ अनुसूची-२ को बुदा नं. ८ मा यस मन्त्रालयबाट सम्पादन हुने ४१ वटा कार्यहरु तोकिएको छ । पर्यटन, वन तथा वातावरण मन्त्रालयका कार्यजिम्मेवारी निम्नानुसार छन् ।

१. प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन,
२. पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन,
३. पर्यटकीय होटल, मोटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग, क्यानोइङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,
४. ग्रामिण पर्यटन, पर्या-पर्याटन, सम्मेलन पर्यटन, धार्मिक पर्याटन इत्यादि सम्वन्धी,
५. संघीय कानून बमोजिम क्यासिनो दर्ता, अनुमति र नियमन सम्वन्धी,
६. संघ र प्रदेशको सम्वन्धित मन्त्रालययसँगको समन्वयमा पर्यटकीय प्रहरी व्यवस्थापन
७. प्रदेशस्तरमा पर्यटन प्रवर्द्धनका लागि सङ्ग्राहलय, अभिलेखालय सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

८. पर्यटकीय महत्वका विश्वसम्पदा सूचीमा परेका सम्पदा, प्राचीन स्मारक एवं स्थल र दरवारहरुको संरक्षण, सम्भार, उत्खनन् तथा पुनर्निर्माण तथा व्यवस्थापन सम्वन्धी विषय
९. महत्वपूर्ण पर्यटकीय स्थलहरुको अध्ययन तथा अनुसन्धान,
१०. पर्यटकीय गन्तव्य स्थलको पहिचान र प्रवर्द्धन,
११. होमस्टे सम्वन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र सो सम्वन्धी पूर्वाधार निर्माण,
१२. साहसिक पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धन,
१३. पर्यटन विकास र प्रवर्द्धनका लागि विविधतायुक्त मौलिक कला संस्कृति र ग्रामीण पर्यटनबीचको अन्तरआवद्धता, संयोजन समन्वय, योजना निर्माण तथा र्यान्वयन,
१४. पर्यटकीय पदमार्ग र पर्यटकीय एडभेन्चर क्रियालापहरु सम्वन्धी,
१५. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
१६. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण
१७. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन
१८. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
१९. चिडियाखानाको व्यवस्थापन
२०. जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन
२१. वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह
२२. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग
२३. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन
२४. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थपन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँड
२५. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन
२६. प्रदेशभित्र भू तथा जलाधार संरक्षण
२७. वातावरण संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
२८. वातावरण तथा जलवायु परिवर्तन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
२९. वातावरणीय सूचना प्रणालीको स्थापना
३०. वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार
३१. वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन
३२. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा बिद्युतीय लगायत प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
३३. न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
३४. वन संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको पहिचान, संरक्षण, सम्वर्द्धन र व्यवस्थापकीय पद्धति निर्धारण
३५. वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
३६. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन
३७. नदी उकास, नहर तथा सडक किनारामा वृक्षारोपण, व्यवस्थापन
३८. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन
३९. प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
४०. प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
४१. वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

## २.४ नीति र कानुन निर्माणको अवस्था

यस मन्त्रालय र मातहतका कार्यालयहरुलाई आवश्यक पर्ने नीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मार्गदर्शनहरु बनाउने पकृया निरन्तर चलिरहेकोछ । हालसम्म भएका नीति कानुन निर्माणको विवरण निम्नानुसार रहेकोछ ।

आर्थिक बर्ष २०७५/७६

| कानूनको प्रकार | कानूनको संक्षिप्त नाम | जारी मिति |
|---|---|---|
| कार्यविधि | १. अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ | २०७६ वैशाख |
| | २. योजना तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ | २०७६ वैशाख |
| मार्गदर्शन | १. कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०८१ | |

आर्थिक बर्ष २०७६/७७

| कानूनको प्रकार | कानूनको संक्षिप्त नाम | जारी मिति |
|---|---|---|
| ऐन | १. पर्यटन विकास ऐन, २०७६ | २०७६ साउन १२ |
| | २. कोशी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ | २०७६ चैत्र २० |
| कार्यविधि | १. अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६ | २०७६ मंसिर २४ |
| | २. योजना तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ | २०७६ मंसिर |
| मार्गदर्शन | १. कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७६ | |

आर्थिक बर्ष २०७७/७८

| कानूनको प्रकार | कानूनको संक्षिप्त नाम | जारी मिति |
|---|---|---|
| ऐन | १. कोशी प्रदेश वन ऐन, २०७७ | २०७७ साउन १८ |
| नियमावली | १. पर्यटन विकास नियमावली २०७७ , | २०७७ साउन ०८ |
| | २. कोशी प्रदेश प्रदेश वातावरण संरक्षण नियमावली , २०७७ | २०७७ साउन ०८ |
| कार्यविधि | १. योजना तथा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ | २०७७ साउन ०८ |
| | २. होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ | २०७७ साउन ०८ |
| मार्गदर्शन | १. कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७७ | |

आर्थिक बर्ष २०७८/७९

| कानूनको प्रकार | कानूनको संक्षिप्त नाम | जारी मिति |
|---|---|---|
| नियमावली | १. प्रदेश पर्यटन बोर्ड नियमावली, २०७८ | २०७८ असोज २० |
| | २. प्रदेश पर्यटन बोर्ड नियमावली, २०७८ खारेज गर्ने नियमावली, २०७८ | २०७८ मंसिर ०९ |
| मार्गदर्शन | १. कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७८ | |

आर्थिक बर्ष २०७९/८०

| कानूनको प्रकार | कानूनको संक्षिप्त नाम | जारी मिति |
|---|---|---|
| कार्यविधि | १. अनुदान तथा सहायता सम्बन्धी कार्यविधि ,२०७९ | २०७९ भाद्र ३१ |
| मार्गदर्शन | १. कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०७९ | |

आर्थिक बर्ष २०८०/८१

| कानूनको प्रकार | कानूनको संक्षिप्त नाम | जारी मिति |
|---|---|---|
| **आदेश** | केचना कञ्चनजंघा पर्यटन विकास समिति गठन आदेश, २०८१ | २०८१ असार ३० |
| **नियमावली** | १. कोशी प्रदेश वन नियमावली२०८० , | २०८० फागुन २६ |
| **मार्गदर्शन** | १. कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०८० | २०८० पौष २६ |

आर्थिक बर्ष २०८१/८२

| कानूनको प्रकार | कानूनको संक्षिप्त नाम | जारी मिति |
|---|---|---|
| **ऐन** | १. कोशी प्रदेश प्रदेश वन (पहिलो संशोधन) ऐन, २०७७ | २०८१ पौष ११ (मन्त्रिपरिषद्बाट स्वीकृत) |
| | २. कोशी प्रदेश प्रदेश वातावरण (पहिलो संशोधन) ऐन, २०७७ | २०८१ पौष ११ (मन्त्रिपरिषद्बाट स्वीकृत) |
| **आदेश** | १. केचना कञ्चनजंघा पर्यटन विकास समिति (पहिलो संशोधन) गठन आदेश, २०८१ | २०८१ मंसिर १४ |
| **नियमावली** | १. पर्यटन विकास (तेस्रो संशोधन) नियमावली, २०८१ | २०८१ पौष ११ |
| **कार्यविधि / निर्देशिका** | १. आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका, २०८१ | २०८१ भाद्र २० |
| | २. तालिम हल, आवास तथा चमेना गृह सञ्चालन कार्यविधि, २०८१ | २०८१ कार्तिक ०२ |
| | ३. कोशी प्रदेश पर्यटन वर्ष २०८२ सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१ | २०८१ मंसिर १४ |
| | ४. इन्टर्नशिप कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१ | २०८१ मंसिर १९ |
| **मार्गदर्शन** | १. कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन, २०८१ | |
| **पाठ्यक्रम** | १. वन रक्षकहरुको सेवा प्रवेश तालिमको पाठ्यक्रम | २०८१ पौष ११ |
| **कार्यविवरण** | १. पर्यटन वन तथा वातावरण मन्त्रालयको कार्यविवरण | |

## ३. वार्षिक प्रगति विवरणहरु

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगरले आ.व. २०७४/०७५ देखि आ.व. २०८१/८२ को जेठ मसान्तसम्म पर्यटन, वन तथा वातावरणको क्षेत्रमा विभिन्न उपलब्धिहरु हासिल गरेको छ । मन्त्रालयको समग्र उपलब्धी र वार्षिक उपलब्धिहरु तपशिल वमोजिम रहेको छ ।

***समग्र प्रगति विवरण***

**पर्यटन विकास र प्रवर्द्धन**

- स्वीस सरकार तथा सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा ८३ कि.मि. लामो मुन्धुम पदमार्ग निर्माण गरिएको छ भने नेपाल सरकार, प्रदेश सरकार, २९ वटा स्थानीय तह तथा स्वीस सरकार समेतको २ अर्ब ४५ करोडको सहलगानीमा ४ वटा पदमार्गहरु (लालिगुराँस पदमार्ग, चियाबारी पदमार्ग, मुन्धुम पदमार्ग र फाल्गुनन्द पदमार्ग) गरी ४०० कि.मि. पदमार्ग निर्माणका लागि पदमार्गमा आधारित पर्यटन विकास आयोजना मार्फत कार्य भइरहेको छ ।
- पर्यटकहरुलाई कोशी प्रदेशका पर्यटकीय क्षेत्रको बारेमा जानकारी दिने उद्देश्यले स्थानीय तह समेतको सहकार्यमा इलामको पशुपतिनगर, इलामको जोरकलश र झापाको काँकरभिट्टामा पर्यटन सूचना केन्द्र व्यवस्थापन गरिएको छ ।
- २५ पटक सगरमाथा शिखर आरोहण गर्ने यस प्रदेशका सगरमाथा आरोही विश्व किर्तीमानी आङ्गरीता शेर्पा, अल्ट्रा म्याराथुन खेलबाट नेपाललाई विश्वभरि चिनाउने धाविका मिरा राई र राष्ट्रिय गानका रचयिता प्रदिप कुमार राई (व्याकुल माईला) लाई संविधान दिवस २०७६ को उपलक्ष्यमा सम्मान गरिएको छ।
- हिमाली पर्यटनको प्रवर्द्धन, जलवायू परिवर्तनको असर न्यूनीकरण तथा जैविक विविधताको संरक्षण समेतका लागि प्रदेश सरकारले हरेक बर्ष मे २९ लाई सगरमाथा दिवसको रुपमा मनाउने घोषणा गरी सोही सन्दर्भमा २०८१/०२/१६ गते नेपाल सरकार समेतको सहकार्यमा काठमाण्डौंमा आयोजना भएको कार्यक्रममा यस प्रदेशका हिमाल आरोहण सहयोगी तथा उद्धारकर्ता ५ जनालाई सम्मानित गरिएको छ ।
- कोशी प्रदेशभित्रका पर्यटकीय क्षेत्रहरुको विकास र प्रवर्द्धनका लागि पर्यटन गुरुयोजना निर्माण गरी सोही गुरुयोजना अनुसार पर्यटन पूर्वाधार निर्माण तथा प्रबर्द्धनका कार्यक्रमहरु कार्यान्वयन गरिरहेको अवस्था छ।
- प्रदेश सरकारले आ.व. २०८१/८२ को नीति तथा कार्यक्रममा उल्लेख गरे बमोजिम कोशी प्रदेश पर्यटन बर्ष २०८२ मनाउने सन्दर्भमा २०८१ असोज १० गते माननीय मुख्यमन्त्रीज्यूबाट औपचारिक रुपमा पर्यटन बर्ष २०८२ मनाउने घोषणा भएको र सोको लागि सचिवालय स्थापना भई मिति २०८१/१०/१० मा कोशी टप्पु वन्यजन्तु आरक्षको परिसरमा मूल आयोजक समितिको पहिलो बैठक सम्पन्न भई पर्यटन बर्ष २०८२ को लागि ८२ गन्तब्य सहितका विविध कार्यक्रमहरु तयार भई स्वीकृतिको क्रममा रहेको छ ।
- कोशी प्रदेशमा भएका धार्मिक, साँस्कृतिक, प्राकृतिक, जैविक पर्यटकीय स्थलहरु, ग्रामीण पर्यटन (Homesty) लगायतका क्षेत्रको पूर्वाधार विकास तथा प्रवर्द्धनका लागि आ.व. २०७५/७६ मा पर्यटन विकास आयोजना स्थापना गरी तपशिल बमोजिमका योजनाहरु सम्पन्न गरिएका छन् ।

**वन व्यवस्थापन तथा उपयोग**

- वनको संरक्षण र व्यवस्थापन गर्दै ८४५.६३ हेक्टरमा वृक्षारोपण भएको साथै १५ वटा डिभिजन वन कार्यालयहरुबाट कृषकका माग बमोजिमका विभिन्न प्रजातिका आय मुलक विरुवाहरु उत्पादन तथा खरिद गरी वितरण गरिएको जसबाट आ.व. ०७४/०७५ मा यस प्रदेशमा वन क्षेत्रले ओगटेको क्षेत्रफल ४४.७४ रहेकोमा हाल ४८.९६ रहेको छ ।

- प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापनका लागि ३ हजार ७ सय ११ वटा सामुदायिक वन, ९८७ वटा कबुलियती वन (संस्थालाई दिएको समेत गरी), ४४ वटा धार्मिक वन र ४ वटा साझेदारी वन समूहहरु सक्रिय रहेका छन् भने १/१ वटा वन चक्ला र सरकारद्वारा व्यवस्थित वनको रुपमा संरक्षण र व्यवस्थापन भइरहेको छ । त्यसैगरी २ हजार ८२ निजी वनधनीहरुले निजी वन दर्ता गराई वनको संरक्षण र सम्बर्द्धनमा महत्वपूर्ण योगदान पुर्याईरहेका छन् ।
- वन क्षेत्रबाट १० करोड ३२ लाख १९ हजार क्यू.फिट काठ, २६ हजार २ सय १८ चट्टा दाउरा, २ करोड ६७ लाख ३४ हजार ३ सय ३० के.जी जडिबुटी तथा १ लाख ८९ हजार ८ सय ३८ के.जि. खोटो उत्पादन भएको र सो बाट राजस्व १ अर्ब ८४ करोड ५४ लाख ७५ हजार र मु.अ.कर ३ अर्ब ३७ करोड ४७ लाख रुपैयाँ र प्रदेश सेवा शुल्क १७ करोड २६ लाख गरी जम्मा ५ अर्ब ३९ करोड २७ लाख ७५ हजार रुपैयाँ प्राप्त भएको छ ।
- डिभिजन वन कार्यालयहरु सुनसरी, मोरंग, झापा, इलाम र उदयपुरबाट चुरे उत्थानशील आयोजना, इटहरी र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम आयोजना, सलकपुर समेतसँगको सहकार्यमा १३ वटा नदी प्रणाली र समग्र चुरे क्षेत्रको संरक्षण र सम्बर्द्धनका लागि कार्य गरिएको र सोको महत्व र चुरे क्षेत्रमा चरिचरण व्यवस्थापन सम्बन्धी जनचेतनामुलक सामग्री तयार गरी विभिन्न माध्यमबाट प्रचारप्रसार समेत गरिएको छ।
- सिमसार क्षेत्र, पानी मुहान क्षेत्र, खानेपानी स्रोत, सिंचाई संरक्षण र व्यवस्थापनका लागि प्रदेशभित्रका १३१ वटा स्थानमा भू तथा जलाधार व्यवस्थापन कार्यालय र जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई मार्फत कार्यक्रमहरु सञ्चालन गरिएका छन् । जसबाट भू-क्षय, नदी कटान, सिंचाई लगायत सिमसार क्षेत्रको संरक्षण भई सुख्खा क्षेत्रमा हुने पानीको अभाव केही मात्रामा न्यूनीकरण भएको छ ।
- प्रदेशभित्रको राष्ट्रिय वनको अतिक्रमणलाई रोकी शुन्यमा पार्न सकिने अवस्था नभए तापनि न्यूनीकरणका लागि कार्य भइरहेको र हालसम्म १०८.६२ हेक्टर वन अतिक्रमण हटाईएको छ ।
- मानव वन्यजन्तु द्वन्द न्यूनीकरणका लागि वन्यजन्तुहरुलाई प्राकृतिक वातावरणमा राखी मानववस्तीमा प्रवेश गरी हुन सक्ने मानवीय क्षतिलाई रोक्नको लागि वन्यजन्तुहरुले मन पराउने विभिन्न प्रजातिका फलफुलका विरुवा रोपण, पानी खान तथा आहालका लागि पोखरी निर्माण र मानवीय सुरक्षाका लागि विद्युतीय फेन्सिङ लगायतका कार्य गरिएको साथै मिति २०८०/११/०९ देखी २०८०/११/१५ गतेसम्म प्रदेश सरकारका माननीय मुख्यमन्त्री र सरोकारवालाहरु सहितको टोलीबाट जनचेतनामूलक कार्यक्रम सहित हात्ती प्रवेशविन्दु झापाको बाहुनडाँगीदेखि उदयपुरको बेलसोतसम्म हात्तीमैत्री पदयात्रा सम्पन्न गरी हात्ती प्रभावित क्षेत्रका जनताको सामुहिक जीवन वीमा, वालीनाली र पशुहरुको वीमाका लागि वीमा प्राधिकरणसँग समन्वय र छलफल भइरहेको तथा हात्तीले खाने विरुवा रोपण र पानी पोखरी सिमसार संरक्षणका लागि हरेक आ.ब.मा त्यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ ।
- जल, भूमी, वायू लगायतका जैविक विविधताको संरक्षणका लागि नेपालको पूर्वी पहाडी जिल्लाहरु (पाँचथर, ताप्लेजुङ्ग, संखुवासभा, तेह्रथुम, इलाम) को क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नका लागि FAO को सहयोगमा 4.2 Million US$ बराबर रकमको परियोजना सञ्चालनमा रहेको छ।
- वन्यजन्तुबाट भएको क्षतिको राहतका लागि ११ करोड ६५ लाख ४९ हजार ६ सय १६ रुपैयाँ रकम राहत विवरण गरिएको छ ।
- वन क्षेत्रबाट हालसम्म ५० हजार ९ सय ५७ श्रमदिन हरित रोजगारी प्राप्त गरेका छन्।

**वातावरण संरक्षण**

- वातावरण संरक्षणका लागि यस प्रदेशका ५३ वटा स्थानीय तहमा जलवायू परिवर्तन अनुकुलन नमूना गाउँ कार्यक्रम, ७२ वटा पर्यटन हरित उद्यान निर्माण, १४ वटा पर्यावरणीय पर्यटकीय जैविक विविधता क्षेत्र, जलाधार व्यवस्थापन क्षेत्र, १५४ स्थानमा एकीकृत भूस्खलन नियन्त्रण, ९३.२ किमि खोला किनार संरक्षण लगायत मापदण्ड विपरितका प्लाष्टिकका झोला र वातावरणमा प्रतिकूल असर पार्ने सामाग्रीको प्रयोगलाई निषेध गर्ने नीति अनुरुप जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन गरिएको छ।
- वातावरण संरक्षणका लागि सडक छेउमा फोहोरमैला व्यवस्थापनको लागि डस्टवीन वितरण, स्कुल वन हरियाली कार्यक्रम तथा फोहोरमैला निषेध गर्ने सम्बन्धी भित्ते लेखन कार्य तथा जनचेतनामूलक वातावरण मैत्री कपडाको झोला वितरण गरिएको छ ।
- विकास निर्माण, उद्योग सञ्चालन, स्वास्थ्य लगायतका क्षेत्रसँग सम्बन्धित कार्यलाई वातावरणमैत्री बनाई दिगो विकासको लक्ष्य प्राप्तिका लागि हालसम्म २४२ वटा विभिन्न संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनका कार्यसूची एवं प्रतिवेदनहरु स्वीकृत भएका छन् ।

**विज्ञान तथा प्रविधि विकास**

- २९ वटा सामुदायिक माध्यामिक विद्यालयमा आर्थिक अनुदान सहयोग गरी विज्ञान प्रयोगशाला स्थापना भएको छ।
- २०७६ माघ २३ र २४ गते ३ सय जना वैज्ञानिकहरुको सहभागीतामा समृद्धिका लागि एकीकृत जैविक स्रोत सम्बन्धी राष्ट्रिय वैज्ञानिक सम्मेलन (NCIBRP) को आयोजना गरिएको छ ।

**नीतिगत, कानूनी तथा शासकीय व्यवस्थापन र सुधार**

- पर्यटन, वन तथा वातावरण मन्त्रालयको कार्यजिम्मेवारीसँग सम्बन्धित ३ वटा ऐन, १ वटा गठन आदेश, ५ वटा नियमावली, १७ वटा कार्यविधि/निर्देशिकाहरु स्वीकृत भई कार्यान्वयनमा रहेको अवस्था छ ।
- सुशासन ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम माननीय मन्त्री र प्रदेश सचिववीच कार्यसम्पादन सम्झौता गर्ने गरिएको, सार्वजनिक खर्चलाई व्यवस्थित प्रभावकारी, मितब्ययी र पारदर्शी वनाउन आन्तरिक नियन्त्रण प्रणाली लागू गरिएको, हरेक कर्मचारीको कार्यसम्पादनलाई लक्ष्यअनुरुप उपलब्धीपूर्ण वनाउन कार्यविवरण स्वीकृत गरी लागू गरिएको छ ।
- संघ पुल दरबन्दीमा रहेका ७४ जना फाजिल फरेष्टरहरुको प्रदेशमा समायोजन गरिएको छ।
- प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएका २२१ जना वन रक्षकहरुको वृत्ति विकासका लागि सेवाकालिन तालिम प्रदान गरिएको छ ।
- प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय त्रिवेणी उदयपुर तथा अन्य सब डिभिजन वन कार्यालयहरुबाट प्रदान गरिने सेवालाई सरलीकृत गर्नका लागि कार्यालय वनको निर्माण तथा स्तरोन्नत्ती गरिएको छ।

## वार्षिक प्रगति विवरण

### ३.१ आ.व. २०७४/७५ को कार्यक्रमगत वार्षिक प्रगति

- कोशी प्रदेश अन्तरगतका १४ वटै जिल्ला वन कार्यालयहरु मार्फत वन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी जनतेतना अभिवृद्धि कार्यक्रम (एफ.एम., रेडियोबाट जनचेतनामूलक सन्देश प्रवाह, प्रचारप्रसार र होर्डिङबोर्ड निर्माण आदी) वन डढेलो नियन्त्रण संजाल गठन, लगायतको कार्यहरु सम्पन्न भएको
- ईलाम, तेह्रथुम र खोटांग जिल्लामा पर्यटन विकासका निम्ति विभिन्न सरोकारवालाहरुको सहभागितामा ३ वटा गोष्ठी तथा अन्तरकृया कार्यक्रमहरु संचालन भई सुझाव संकलनको काम सम्पन्न भएको (सहभागी संख्याः इलाम—६७ जना, तेह्रथुम—९० जना, खोटाङ्ग—७२ जना)
- सिमसार क्षेत्रको विस्तार र विकास सम्बन्धी अन्तरकृया गोष्ठी संचालन भई, सिमसार विकासको सम्भाव्यता पहिचान र सुझावहरु संकलन गरिएको ।सुनसरीको तरहरामा (४५ जना) र झापाको जामुनखाँडीमा (४५ जना) संचालन भएको।
- जिल्ला वन कार्यालय मोरंग र झापाबाट ६० हजारका दरले ५ प्रजातिका (इमली, रुख कटहर, सोहिजन(Moringa), बेल र अमला) १,२०,००० गोटा विरुवा उत्पादनका कार्य सम्पन्न भई वितरण भएको,
- ताप्लेजुङ्ग, भोजपुर, ओखलढुंगा, धनकुटा, तेह्रथुम र पाँचथरमा जिल्ला वन कार्यालयहरु मार्फत विशेष क्षेत्रलाई लक्षित गरी कृषकहरुलाई रुद्राक्ष, चाँप, लौठसल्ला, लाम्पाते आदि प्रजातिका १२,००० गोटा (बाह्र हजार) आयमुलक विरुवा खरिद गरी वितरण भएको,
- चुरे संरक्षण र चरिचरण नियन्त्रणको लागि जिल्ला वन कार्यालय सुनसरी, मोरंग, झापा र इलामबाट चुरेको महत्व र चरिचरण व्यवस्थापन सम्बन्धी एफ.एम., रेडियो मार्फत जनचेतनामुलक प्रचारप्रसार, होर्डिगबोर्ड निर्माण गरी चुरे क्षेत्रमा हट स्पट स्थापना, जनचेतना मूलक ब्रोसर तथा लिफ्लेट तयारी र प्रकाशन भई वितरण भएको,
- मापदण्ड विपरितका प्लाष्टिकका झोला र वातावरणमा प्रतिकूल असर पार्ने सामाग्रीको प्रयोगलाई निषेध गर्ने सम्बन्धी गोष्ठी संचालनको लागि स्थानीय सरकारसंग समन्वय गरी झापाको विर्तामोडमा स्थानिय जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला अन्य निकायका ४० जना, मोरंग जिल्लाको विराटनगरमा जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला अन्य निकायका ४५ जना, सुनसरीको इटहरीमा जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला अन्य निकायका ४८ जनाको सहभागितामा अन्तरक्रिया गोष्ठी सम्पन्न भएको,
- स्वच्छ, सुन्दर र हरियाली प्रदेश बनाउने सम्बन्धी गोष्ठी संचालनको लागि स्थानीय सरकारसंग समन्वय गरी झापाको दमकमा स्थानिय जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला अन्य निकायका १५ जना, मोरंग जिल्लाको विराटनगरमा जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला अन्य निकायका ३५ जना, सुनसरीको इनरुवामा जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला अन्य निकायका २५ जनाको सहभागितामा अन्तरक्रिया गोष्ठी सम्पन्न भई प्रतिवेदन तयार भएको ।
- जिल्ला वन कार्यालय पाँचथर, तेह्रथुम, धनकुटा, संखुवासभा र खोटांग मार्फत सदरमुकाम, विभिन्न गा.पा., न.पा. र सडक छेउमा फोहोरमैला व्यवस्थापनको लागि डस्टवीन वितरण तथा फोहोरमैला निषेध गर्ने सम्बन्धी भित्ते लेखन कार्य सम्पन्न भएको,
- विराटनगर महानगरपालिका र जिल्ला स्थित सरकारी तथा गै.स.स.हरुसंग समन्वय गरी साईकल र्‍याली आयोजना गरी भव्यताका साथ विश्व वातावरण दिवस, २०१८ मनाईएको । सहभागीहरुलाई वातावरण मैत्री कपडाको झोला वितरण गरिएको । यसै कार्यक्रममा कोशी प्रदेश अन्तर्गतका विभिन्न सरकारी निकायलाई वातावरणमैत्री २० ओटा साईकल पनि वितरण गरेको ।

## ३.२ आ.व. २०७५/७६ को कार्यक्रमगत वार्षिक प्रगति

**वन तर्फ**

- ३३ वटा स्थानीय वन समुह गठन, २०९ वटा निजी वन दर्ता तथा ५७५ वटा स्थानीय वन समुह नविकरण भएको,
- ५१ वटा वन समुहमा वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम संचालन भएको (४५ वटा सामुदायिक वन, ४ वटा साझेदारी वन र २ वटा चक्ला वन व्यवस्थापन)
- ४ वटा उद्यान निर्माण, १८ वटा सिमसार क्षेत्र व्यवस्थापन, १५ वटा वन समुहमा पर्यापर्यटन प्रवर्द्धन भएको
- ७ हेक्टर वन अतिक्रमण हटी कुल १३४३८.४१ हेक्टर अतिक्रमण कायम रहेको ।
- १ करोड २३ लाख क्यू.फिट काठ, ३५७८ चट्टा दाउरा, १८ लाख ६६ हजार केजी जडिबुटी र १ लाख ९० हजार केजी खोटो संकलन भई विक्री वितरण भएको
- वन क्षेत्रबाट २२ करोड १४ लाख राजस्व र २५ करोड २५ लाख मु.अ.कर संकलन भएको
- वन पैदावार आपुर्ति समितिमार्फत ४१,९७४ क्यू. फि.काठ र ३७.५ चट्टा दाउरा विक्री वितरण भएको
- ३४ लाख ७२ हजार विरुवा उत्पादन, ६ वटा नर्सरी निर्माण, ४० वटा नर्सरी मर्मत र ३० हेक्टर वृक्षारोपण भएको

**उद्योग तर्फ**

- १४०१ वटा लघु, ७० वटा घरेलु र ५४७१ वटा साना गरी जम्मा ६९४२ वटा उद्योग दर्ता भएको
- ३१३२ वटा उद्योग नविकरण, १४३ वटा ठाउँ सारी, ८४ उदेश्य थप र २७९ वटाको लगत कट्टा भएको
- ३४६५ वटा वाणिज्य फर्म दर्ता, २८२५ वटा वाणिज्य फर्म नविकरण, ७२ वटा नामसारी र ५० वटा वाणिज्य फर्मको ठाँउसारी भएको
- ३९०६ जना नयाँ उद्यमी सिर्जना भएको, १५१६ जनालाई पुर्नताजगी र स्तरोन्नती सिप विकास तालिम दिएको, ७०२ जनालाई उपयूक्त प्रविधि हस्तान्तरण भएको
- उद्योग क्षेत्रबाट ४० करोड ४४ लाख र वाणिज्य क्षेत्रबाट ३ करोड १७ लाख राजस्व आम्दानी भएको

**भू तथा जलाधार व्यवस्थापन तर्फ**

| SN | Activity | Unit | Progress |
|---|---|---|---|
| 1 | Coordination Workshop | Event | 25 |
| 2 | Watershed based Local Level Mapping & Research | Event | 1 |
| 3 | Integrated Land Slide Control | No | 40 |
| 4 | Soil Conservation With Road | Km | 18.5 |
| 5 | Watershed Management For Urban Area | Pkj | 3 |
| 6 | Water Source And Irrigation Watershed Management | No | 15 |
| 7 | Identifying And Management Of Wetland Area | Pkj | 17 |
| 8 | Hydropower Watershed Management | Pkj | 8 |
| 9 | Watershed Management For Eco-Tourism | Pkj | 5 |
| 10 | Climate change adaptation village program | Pkj | 3 |

| SN | Activity | Unit | Progress |
|---|---|---|---|
| 11 | Drought Area Management | Pkj | 3 |
| 12 | Bio-Engineering River Bank Protection | Km/Place | 30.5 |
| 13 | Emergency Soil Conservation Work | Pkj | 16 |
| 14 | Seedling Production (Thousand) | No | 180 |
| 15 | Chure River System Conservation | Pkj | 6 |
| 16 | Management And Supervision Of Conservation Work | Place | 7 |

**<u>पर्यटन प्रवर्द्धन तथा पुर्वधार विकास तर्फ</u>**

**संरक्षण क्षेत्र तर्फ**

- पर्यटन पदमार्ग निर्माण : २१ कि.मि.
- काठेपुल निर्माण : १० स्थानमा
- सामुदायिक होमस्टे व्यवस्थापन: १५ स्थान
- पर्यटन सूचना केन्द्र निर्माण र व्यवस्थापन: ३ स्थान
- पर्यटन रुटका खोलामा ट्रस ब्रिज निर्माण : ४ वटा
- भिजिटर ट्र्याकिगं सिस्टम व्यवस्थापन: २ स्थान
- सामुदायिक लज निर्माण : २ स्थान (सेलेले र रान्जेर)
- क्याम्प साइट व्यवस्थापन : ४ स्थान
- मचान निर्माण : १ वटा (कोशी टप्पु व.आ.)
- मानव वन्यजन्तु दन्द व्यवस्थापनको लागि छेकवार पूर्वाधार विकास : १ स्थान (हरिपुर-केरावारी हुदै कोशी व्यारेज नजिक सम्म)
- सूचना बोर्ड सहितको पर्यटन विश्राम स्थल निर्माण:१ स्थान
- पर्यटन पदमार्ग मर्मत, गेट निर्माण, शौचालय निर्माण, सूचना बोर्ड स्थापना, पर्यटन विश्रामस्थल निर्माण आदी

**पर्यटन विकास आयोजना तर्फ**

| सि.नं. | कृयाकलापहरु | इकाई | परिमाण |
|---|---|---|---|
| १. | मन्दिर निर्माण/मर्मत, थान निर्माण/मर्मत कार्यहरु | गोटा | ५७ |
| २. | गुम्बा निर्माण/मर्मत सम्भार | गोटा | ९ |
| ३. | किरोँत राईको साकेला हिम निर्माण | गोटा | २ |
| ४. | मश्जिद/ईदगाह/कब्रिस्तान निर्माण | गोटा | ४ |
| ४. | सिमसार क्षेत्रको प्रबद्र्धन तथा विकास(ताल, पोखरी,) | गोटा | ३३ |

| | | | |
|---|---|---|---|
| ५. | पार्क निर्माण तथा सम्भार | गोटा | ३२ |
| ६. | संग्रहालय/मर्मत सम्भार | गोटा | ५ |
| ७. | भ्यु टावर निर्माण/मर्मत | संख्या | ७ |
| ८. | होमस्टे कार्यक्रम | गोटा | ५ |
| ९. | पदमार्ग निर्माण/मर्मत (२५ स्थान) | कि.मी. | ३०.६२ |
| १०. | गुफा संरक्षण | गोटा | २ |
| ११. | दरबार संरक्षण | गोटा | १ |
| १२. | वृक्षारोपण तथा प्रचार प्रसार | गोटा | १ |

अन्य प्रगति

| सि.न. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | गुरुयोजना/ डि.पि.आर निर्माण | १० | चतराधाम, हिले(पर्यटन विभागको जग्गा), बराहपोखरी, इन्द्रेणी पोखरी, पोकली झर्ना, किरातगुरु फाल्गुनन्द आश्रम, धरान विजयपुर, हतुवागढि पुर्णेडाँडा डिमालुङ, गौरादह पोखरी, सन्दकपुर क्षेत्र |
| २ | विस्तृत अध्ययन/सम्भाव्यता अध्ययन | ३४ | |
| ३ | वृतचित्र निर्माण | ३ | पर्यटकिय क्षेत्र सम्बन्धी, तराईका सिमसार क्षेत्र सम्बन्धी |
| ४ | पर्यटकिय क्षेत्र सर्वेक्षण | १ | गढदेव बुद्ध पर्यटकीय स्थल सर्वेक्षण |
| ५ | सफ्टवयर/मोवाइल एप निर्माण | ३ | पर्यटन सम्बन्धी वेबमा आधारित पर्यटन सूचना प्रणाली विकास, पर्यटकिय तथ्यांक अध्यावधिक, पर्यटन गन्तव्य स्थल सम्बन्धी मोबाईल एप्पस निर्माण |

- उद्योगहरुको IEE प्रतिवेदन स्विकृतीको अवस्था: ToR स्वीकृत-२२ र IEE स्वीकृत-९
- विभिन्न महोत्सव तथा फेष्टिवलको कार्यक्रममा सहयोग : १० वटा (१५.३८ लाख)
- व्यापार मेला आयोजनामा सहयोग : ३ वटा (१२ लाख)
- २९ वटा सामुदायिक माध्यामिक विद्यालयमा आर्थिक अनुदान सहयोग गरी विज्ञान प्रयोगशाला स्थापना भएको

- पर्यटन प्रवर्द्धन तथा विकासका लागि पर्यटन विकास आयोजना स्थापना गरी कार्यक्रम संचालन भएको,
- ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा, मोरङ र सुनसरी जिल्लामा भू तथा जलाधार संरक्षण र व्यवस्थापन कार्यक्रम संचालनका लागि **जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन इकाई** स्थापना गरी कार्यक्रम संचालन भएको,
- योजना तथा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ जारी गरी कार्यक्रमहरु संचालन भएको,
- कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन २०७५(पर्यटन क्षेत्र, वन क्षेत्र, भू तथा जलाधार व्यवस्थापन र विज्ञान तथा प्रविधिसंग सम्बन्धित) जारी भइ कार्यक्रम संचालन भएको,
- संघीय सरकारसंगको सहकार्यमा संरक्षित र मध्यवर्ती क्षेत्र भित्र पर्यापर्यटन प्रवर्द्धनका कार्यहरु संचालन भएको,
- सुर्योदय न.पा., सांगुरीगडी गा.पा., खुम्बु पसाङल्हामु गा.पा. लगायतको स्थानीय तहसंगको सहकार्य तथा श्रोत साझेदारीमा पर्यापर्यटन प्रवर्द्धनको कार्यहरु संचालन भएको,

## ३.३ आ.व. २०७६/७७ को कार्यक्रमगत वार्षिक प्रगति

**वन तर्फ**

- आ.व.२०७६/७७ सम्ममा कुल ३५७५ सामुदायिक वन, ९७७ वटा कबुलियती वन, ३३ वटा धार्मिक वन, ४ वटा साझेदारी वन र दर्ता भएका २१२३ वटा निजी वन कायम रहेका छन ।
- ६६ वटा वन समुहमा वैज्ञानिक वन व्यवस्थापनको काम सुरु भएको ( ६१ सा.व., ४ साझेदारी वन, १ रा.व.)
- वन क्षेत्रबाट **९७ लाख ३४ हजार** क्यू.फिट काठ, **२९३४** चट्टा दाउरा, **४४ लाख ५९ हजार** के.जी जडिबुटी तथा खोटो उत्पादन भएको र सो बाट **१३ करोड ४७ लाख** राजस्व र **३२ करोड ४७ लाख** मु.अ.कर प्राप्त भएको
- ९.०४ हेक्टर अतिक्रमण हटाई व्यवस्थापन भएको र अब १३१३९ हेक्टर अतिक्रमण कायम रहेको
- मानव वन्यजन्तु द्वन्द व्यवस्थापन : वन्यजन्तुबाट २ जना मृत्यु, १४ जना घाइते, ५९ वटा पशुधन क्षती, २०३ जनाको भन्डारण अन्न क्षती, ७५ जनाको घर/गोठ क्षती र २३९ जनाको खाधान्न वालीको क्षतिको नियमनुसार राहत रकमको उपलब्ध गराएको
- जिल्ला वन पैदावार आपुर्ति समिति मार्फत २८ हजार ११८ क्यू.फिट काठ र २९.५ चट्टा दाउरा वितरण भएको र १ करोड ४३ लाख राजस्व एवं ३३ लाख मु.अ.कर आम्दानी भएको
- ५४ लाख ४५ हजार विरुवा उत्पादन, २८ वटा नर्सरी निर्माण, २३ वटा नर्सरी मर्मत र २५४ हेक्टरमा वृक्षारोपण भएको

**भू तथा जलाधार व्यवस्थापन तर्फ**

| कार्यक्रम/कृयाकलाप | कृयाकलाप संचालन स्थान |
|---|---|
| जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम | ११ |
| सिमसार क्षेत्र/पानी मुहान/खानेपानी श्रोत/सिचाई संरक्षण र व्यवस्थापन | ५९ |
| एकिकृत भूस्खलन नियन्त्रण | ४० |
| सडक संग भू संरक्षण | ९ |
| शहरी जलाधार व्यवस्थापन | ७ |
| एकिकृत सुख्खा क्षेत्र व्यवस्थापन | १५ |
| पर्यावरणीय/पर्यटकीय/जैविक विविधता क्षेत्र जलाधार व्यवस्थापन | १४ |
| जलविधुत जलाशय जलाधार संरक्षण | ३ |
| वायो इन्जि. खोला किनारा संरक्षण | २६ |
| आकस्मिक भू-संरक्षण कार्यक्रम | ८ |

**उद्योग तर्फ**

- ६५६१ वटा उद्योग दर्ता, २०४० वटा उद्योग नविकरण, २९ वटा ठाँउसारी, ७६ वटाको उदेश्य थप, १७१ वटाको लगत कट्टा भएको

- २९४३ वटा वाणिज्य फर्म दर्ता, २७६० वटा फर्म नविकरण, २०९ वटाको उदेश्य थप, ४९ वटाको नामसारी, १६ वटा ठाउसरी र १८८ वटा वाणिज्य फर्म खारेजी भएको
- उद्योग तर्फबाट कुल ७ करोड ५३ लाख र वाणिज्य तर्फ ३ करोड ८६ लाख राजस्व संकलन भएको

**पर्यटन तर्फ**

| विवरण | संख्या |
|---|---|
| धार्मिक स्थल संरक्षण | ५ |
| बिस्तृत परियोजना प्रतिवेदन | १३ |
| पदमार्ग निर्माण | ३१ कि.मि |
| पार्कमा पूर्वाधार निर्माण | १११ |
| झरना संरक्षण | ७ |
| होमस्टे प्रवर्द्धन | ९ |
| मन्दिर संरक्षण | ४२ |
| भ्यू टावर | ७ |
| सिमसार पोखरी निर्माण | २० |
| गुफा संरक्षण | ३ |

- ट्राभल एजेन्सी नविकरण संख्या- १
- ट्राभल एजेन्सी दर्ता खारेजी संख्या-२
- निजी होमस्टे खर्ता संख्या- १
- होटल व्यवसाय दर्ता सिफारिस- १२
- साधारण होटल दर्ता संख्या-१

**वातावरण तर्फ**

| विवरण | संख्या |
|---|---|
| स्वीकृत IEE प्रतिवेदन संख्या | १६ (विभिन्न उद्योगहरु) |
| प्रकृयामा रहेका IEE संख्या | ४ (विभिन्न उद्योगहरु) |

- बराहक्षेत्र ६, रामधुनी, सुनसरीमा उपभोक्ता समिति मार्फत शहरी हरित पार्क को पूर्वाधार निर्माण भएको ।
- २९ वटा सामुदायिक माध्यामिक विद्यालयमा आर्थिक अनुदान सहयोग गरी विज्ञान प्रयोगशाला स्थापना भएको।

**अन्य**

- विराटनगरमा "नेपाल भ्रमण वर्ष २०२०" को वृहत समुद्घाटन सम्पन्न ।
- संघिय वन मन्त्रालय, वनस्पति समाज नेपाल र नेपाल जैविक समाजको संयुक्त सहकार्यमा ३५० जनाको सहभागितामा राष्ट्रिय विज्ञान प्रविधि वैज्ञानिक सम्मेलन सम्पन्न ।
- जामुनखाडी सिमसार क्षेत्रमा चिडियाखानाको लागि भौतिक संरचना निर्माणमा सहयोग भएको।
- मनमोहन प्राविधिक विश्वविद्यालयलाई आविष्कार केन्द्र स्थापनाको लागि उपकरण खरिदमा सहयोग गरेको

- सामाजिक क्षेत्रमा उल्लेखनिय योगदान दिने र सामाजिक सञ्जालका प्रख्यात १०० ब्लगरहरूलाई कोशी प्रदेशको पर्यटकीय गन्तव्यस्थल कोशी टप्पुबाट इलामको सन्दकपुरसम्म पर्यटकीय भ्रमण गराई यात्रा पूर्वको कार्यक्रम संचालन भएको छ ।
- २५ पटक सगरमाथा शिखर आरोहण गर्ने यस प्रदेशका सगरमाथा आरोही विश्व किर्तीमानी आङ्गरीता शर्पा, अल्ट्रा म्याराथुन खेलबाट नेपाललाई विश्वभरि चिनाउने धाविका मिरा राई र राष्ट्रिय गानका रचयिता प्रदिप कुमार राई (व्याकुल माईला) लाई संविधान दिवस २०७६ को उपलक्ष्यमा सम्मा गरिएको
- पर्यटन भ्रमण वर्षलाई सफल पार्न र प्रदेश १ को पर्यटनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार प्रवर्द्धन गर्न देहायका कीर्तिमानी आरोही, कलाकारहरुलाई पर्यटन सदभावना दूत तोकिएको
    - विश्वको सर्वोच्च शिखर सगरमाथा २४ पटक सफल आरोहण गर्न भएका सोलखम्बु जिल्ला खुम्बु-पासाङल्हामु गाउँपालिका वडा नं. ५ निवासी श्री कामीरिता शेर्पा, .
    - Mrs Asia Universe, २०१७ लगायत विभिन्न सौन्दर्य प्रतियोगिताहरूमा प्रथम उपाधि प्राप्त गर्नु भएका सुनसरी जिल्ला धरान उपमहानगरपालिका निवासी श्री पिकी राजगरिया;
    - विश्वका ८,००० मिटर भन्दा माथि उचाईका १४ वटै हिमालहरूको सफल आरोहण गर्नु भएका संखुवासभा जिल्ला मकालु गाउँपालिका वडा नं. १ निवासी श्री मिङ्मा शेर्पा;
    - नेपाली कलाकारिताको क्षेत्रमा विशिष्ट योगदान गर्नु भएका मोरङ जिल्ला विराटनगर महानगरपालिका वडा नं. ७ निवासी श्री दीपाश्री निरौला;
    - साहसिक खेल अल्ट्रा म्याराथुन विधाको माध्यमबाट विश्वमा ख्याति प्राप्त गर्नु भएका भोजपुर जिल्ला पौवादुङमा गाउँपालिका वडा नं. ५ निवासी श्री मिरा राई;
    - विश्वका ८,००० मिटर भन्दा माथि उचाईका १४ वटै हिमालहरूको सफल आरोहण गर्नु भएका संखुवासभा जिल्ला मकालु गाउँपालिका वडा नं. १ निवासी श्री सानु शेर्पा;
    - विश्वका ८,००० मिटर भन्दा माथि उचाईका १४ वटै हिमालहरूको सफल आरोहण गर्नु भएका ताप्लेजुङ जिल्ला फक्ताङलुङ गाउँपालिका वडा नं. ६ निवासी श्री मिङ्मा ग्याबु शेर्पा,
    - विश्वका ८,००० मिटर भन्दा माथि उचाईका १४ वटै हिमालहरूको सफल आरोहण गर्नु भएका संखुवासभा जिल्ला मकालु गाउँपालिका वडा नं. १ निवासी श्री छाङदावा शेर्पा;
    - नेपालकै सबैभन्दा अग्लो व्यक्ति (७ फिट ३ इन्च) को रूपमा चिनिनु भएका सुनसरी जिल्ला इटहरी उप-महानगरपालिका वडा नं. ५ निवासी श्री राजन अधिकारी ।

## ३.४ आ.व. २०७७/७८ को कार्यक्रमगत वार्षिक प्रगति

- ६ स्थानमा पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम ।
- ४४ लाख ३४ हजार ८ सय २४ गोटा वन विरूवा, ७ लाख ५०हजार जडिबुटी विरुवा तथा १ लाख २५ हजार फलफूल विरुवा उत्पादन तथा रोपण उत्पादन ।
- १२ गोटा नर्सरी निर्माण तथा ६१ गोटा नर्सरी मर्मत ।
- १२९.०३ हेक्टर वृक्षारोपण, ५२.५० पुनः बृक्षारोपण, ५३.५० बृक्षारोपणक्षेत्रमा गोडमेल सम्पन्न तथा ६ हेक्टरमा अतिक्रमित क्षेत्र हटाइ वृक्षारोपण ।
- ७ स्थानमा सहकारी मार्फत जडिवुटीका उत्पादन खेती विस्तार भण्डारण प्रशोधन र बजारीकरण
- २८ स्थानमा पकेट क्षेत्रमा जडिबुटी खेति विस्तार .
- कूल श्रृजना भएको रोजगारी : **१२,०६१ जना**
- जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम-९ स्थान, सिमसार क्षेत्र/पानी मुहान/खानेपानी श्रोत/सिचाई संरक्षण र व्यवस्थापन-१ स्थान, एकिकृत भूस्खलन नियन्त्रण-६ स्थान, एकिकृत सुख्खा क्षेत्र व्यवस्थापन-८ स्थान, चुरे तथा नदी प्रणाली संरक्षण-१ स्थान, वायो इन्जि. खोला किनारा संरक्षण- २ कि.मि., आकस्मिक भू-संरक्षण कार्यक्रम-१३ स्थान, बाँगिखोला ठुल्डुङ्गा तटबन्ध संरक्षण (नेचासल्यान गा.पा. सोलुखुम्बु), २४ स्थानमा गल्छी पहिरो नियन्त्रण/भू-संरक्षण, ६ स्थानमा जल पुनर्भरण पोखरी निर्माण तथा व्यवस्थापन ।
- काठ विक्री वितरणः १ करोड ३६ लाख ७९ हजार ८ सय दशमलब ७२ क्यु.फि, दाउराः २ हजार ७ सय ९७ दशमलब ७९ चट्टा, गैहकाष्ठ वन पैदावारः ६५ लाख ७० हजार ६ सय ७८ दशमलब २४ के.जी. .
- प्राप्त राजस्व :१९ करोड २६ लाख ४ सय ७९ पैसा १३ मात्र, प्राप्त मु.अ.कर. ५० करोड ३२ लाख ६७ हजार २ सय २१ पैसा ५५ मात्र ।
- ९ स्थान वन डढेलो नियन्त्रण तथा ब्यबस्थापन कार्ययोजना कार्यान्वयन ।
- स्वीस सरकार तथा भोजपुर र खोटाङ स्थित ६ वटा पालिकासँग सहकार्य तथा समन्वय गरी ६२ कि.मि को Mundhum Trail निर्माण सम्पन्न ।
- प्रदेश अविस्कार केन्द्र स्थापना गर्न मनमोहन प्राविधिक विश्वविद्यालय, मोरङलाई सहयोग ।
- बराहक्षेत्र नगरपालिकामा शहरी हरित पार्क स्थापना गर्न सहयोग ।
- पर्यटन विकास तथा प्रवर्द्धनका लागि ३ स्थानमा पर्यटीय मार्ग, ३७ स्थानमा पर्यटकीय पुर्वाधार, ४ वटा झरना विकास तथा संरक्षण, ३ वटा होमस्टेलाई सहयोग लगायतको कार्य गरी जम्मा १,६५,००० दिनको श्रम रोजगारी श्रृजना ।
| मृत्यु | २ | | | | | | | २ | ९७ |
| गम्भीर घाइते | १ | | | १ | २ | | | ४ | ९० |
| सामान्य घाइते | | | | | | | १ | १ | २१ |
| भण्डारण गरेको अन्न | | | | २० | ४ | | | २४ | १५२६ |
| घरगोठ | | | | १ | ४ | | | ५ | १६५८ |
| बाली | | | | | | | | ० | २७१३ |
| वितरित राहत रु | २२०००० | | | ३२४००० | २७८५१३ | | १०३२० | ८३२८३३ | १०७०२३३६४१७ |
| हात्तीको मृत्यु संख्या | | | | | १ | | | १ | २१ |

## अनुसूची ५ कोशी प्रदेश पर्यटन वर्ष २०८२ का प्रवर्द्धनात्मक कार्यक्रमहरु

| | | | | | | पर्यटन कार्यालय काकडभिट्टा | | | पर्यटन कार्यालय धरान | | | पर्यटन विकास आयोजना | | | आन्तरिक मामिला तथा कानून मन्त्रालय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | कृयाकलापको नाम | एकाई | परिमाण | इकाई दर | रकम (हजारमा) | परिमाण | इकाई दर | रकम (हजारमा) | परिमाण | इकाई दर | रकम (हजारमा) | परिमाण | इकाई दर | रकम (हजारमा) | परिमाण | इकाई दर | रकम (हजारमा) |
| १ | मूल आयोजक समिति बैठक तथा पर्यटन अन्तरक्रिया | पटक | १ | १५०० | १५०० | | | | | | | १ | १५०० | १५०० | | | |
| २ | कोशी प्रदेश पर्यटन वर्ष २०८२ उदघाटन खर्च (पूर्व तयारी समेत) | पटक | १ | ३००० | ३००० | | | | | | | १ | ३००० | ३००० | | | |
| ३ | कोशी प्रदेश पर्यटन वर्ष घोषणा कार्यक्रम (२०८१ असोज ११) बाँकी खर्च भुक्तानी | प्याकेज | १ | २०० | २०० | | | | | | | १ | २०० | २०० | | | |
| ४ | गन्तव्य बजारीकरणका लागि स्वयम् सेवक/इन्टर्न परिचालन | प्याकेज | १ | ३००० | ३००० | | | | | | | १ | ३००० | ३००० | | | |
| ५ | Eastern Tourism Mart (Koshi) मा सहभागिता | पटक | १ | ५०० | ५०० | | | | १ | ५०० | ५०० | | | | | | |
| ६ | International Public Theater conference | पटक | १ | ५०० | ५०० | | | | १ | ५०० | ५०० | | | | | | |
| ७ | अन्तर प्रदेश पर्यटकीय भेला, बैठक सम्मेलन | संख्या | ५ | २०० | १००० | १ | २०० | २०० | | | | ४ | २०० | ८०० | | | |
| ८ | अन्तरास्ट्रिय चिया पर्यटन महोत्सबमा सहभागिता | पटक | १ | २०० | २०० | १ | २०० | २०० | | | | | | | | | |
| ९ | कञ्चनजङ्गा हिमाल पर्यटन प्रवर्द्धन | पटक | १ | ३००० | ३००० | १ | ३००० | ३००० | | | | | | | | | |
| १० | पर्यटन महोत्सव सहयोग | पटक | २ | ५०० | १००० | १ | ५०० | ५०० | १ | ५०० | ५०० | | | | | | |
| ११ | कोशी मोटर बोट फेस्टिबल | पटक | १ | ३०० | ३०० | | | | १ | ३०० | ३०० | | | | | | |
| १२ | रामधुनी बराहक्षेत्र धार्मिक पर्यटन मार्फत पर्यटन प्रवर्द्धन | पटक | १ | २००० | २००० | | | | | | | १ | २००० | २००० | | | |
| १३ | मौलिक खाना (फूड फेस्टिबल) मार्फत पर्यटन प्रवर्द्धन | पटक | ५ | १५० | ७५० | ३ | १५० | ४५० | २ | १५० | ३०० | | | | | | |
| १४ | बिदेशी पाहुनाको प्रतिनिधि भ्रमण व्यवस्थान | पटक | २ | २५० | ५०० | | | | | | | २ | २५० | ५०० | | | |
| १५ | Koshi Tourism International Conclave | पटक | १ | १००० | १००० | | | | | | | १ | १००० | १००० | | | |
| १६ | मूख्य गन्तव्य क्षेत्रका धार्मिक, सार्वजनिक स्थलहरु र कोशी टप्पुमा सरसफाइ र सौन्दर्यीकरण | वटा | ८ | ५०० | ४००० | २ | ५०० | १००० | २ | ५०० | १००० | ४ | ५०० | २००० | | | |
| १७ | कोशी प्रदेशमा चरा पर्यटन कार्यक्रम | पटक | २ | ३०० | ६०० | १ | ३०० | ३०० | १ | ३०० | ३०० | | | | | | |
| १८ | Travel Tours Agents हरुको प्रदेश सम्मेलन | पटक | १ | १००० | १००० | | | | | | | १ | १००० | १००० | | | |
| १९ | पर्यटन सूचना केन्द्रहरुको सुदृढीकरण | स्थान | ४ | १००० | ४००० | २ | १००० | २००० | २ | १००० | २००० | | | | | | |
| २० | लोगो, मस्कट र नारा तयारी | प्याकेज | १ | ३०० | ३०० | | | | | | | १ | ३०० | ३०० | | | |
| २१ | अन्तराष्ट्रिय सगरमाथा दिवस (तयारी तथा कार्यान्वयन) | प्याकेज | १ | ५०० | ५०० | | | | | | | १ | ५०० | ५०० | | | |
| २२ | Media Influncer मार्फत पर्यटन वर्षको प्रचार प्रसार | पटक | ३ | ३०० | ९०० | १ | ३०० | ३०० | १ | ३०० | ३०० | १ | ३०० | ३०० | | | |
| २३ | गन्तव्य परिचयात्मक भ्रमण मार्फत पर्यटन प्रवर्द्धन (स्वदेशी तथा विदेशी संचारकर्मी लक्षित) | पटक | २ | ५०० | १००० | १ | ५०० | ५०० | १ | ५०० | ५०० | | | | | | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | पर्यटन बर्ष प्रवर्धन गित रचना संगीत र भिडियो तयारी | संख्या | ५ | २०० | १००० | | | | | | | ५ | २०० | १००० | | | |
| २५ | प्रचारप्रसार सामाग्री तयारी र वितरण (पोस्टर, मूल ब्रोसर, पर्यटन गन्तब्य र आकर्षणका ब्रोसरहरु डायरी, फोटोबुक, पर्यटन म्यागजिन,) तथा पर्यटन प्रवर्धन पुस्तिकाको हिन्दी, वंगाली र अंग्रेजी भाषामा सम्पादन तथा छपाई आदी) | प्याकेज | ८ | ५०० | ४००० | २ | ५०० | १००० | २ | ५०० | १००० | ४ | ५०० | २००० | | | |
| २६ | पर्यटन बर्षको सुचना समाचार बङ्गाली, चिनियाँ, आसामी र हिन्दी भाषामा विदेशी टेलिभिजनबाट प्रचार प्रसार विज्ञापन एजेन्सी मार्फत | प्याकेज | ४ | २०० | ८०० | २ | २०० | ४०० | | | | २ | २०० | ४०० | | | |
| २७ | प्रचारप्रसार सामाग्री तयारी र स्थापना (विभिन्न आकारका होर्डिङ बोर्डहरु) | प्याकेज | १४ | १२० | १६८० | ४ | १२० | ४८० | ४ | १२० | ४८० | ६ | १२० | ७२० | | | |
| २८ | सामाजिक सन्जाल सृजना र top vloger परिचालन (website, facebook, instragram, wechat, etc) | प्याकेज | ४ | २०० | ८०० | २ | २०० | ४०० | २ | २०० | ४०० | | | | | | |
| २९ | सार्वजानिक स्थल तथा यातायातमा प्रचार प्रसार (व्यानर, स्टिकर छपाइ तथा वितरण) | प्याकेज | १ | २००० | २००० | १ | १००० | १००० | १ | १००० | १००० | | | | | | |
| ३० | भिडियो डकुमेन्ट्री निर्माण (सबै समेटिएको) | प्याकेज | १ | ५०० | ५०० | १ | ५०० | ५०० | | | | | | | | | |
| ३१ | पर्यटकीय गन्तव्यहरुको फोटो प्रदर्शनी प्रतियोगिता | पटक | १ | ५०० | ५०० | १ | ५०० | ५०० | | | | | | | | | |
| ३२ | उपहारजन्य सामाग्री छपाई तथा खरिद (कलम, की रिङ्ग, टोपि, कप, टी सर्ट, कोट ब्याज, झोला, भित्ते पात्रो, पर्यटकीय पहिचानको फोटो पोष्टर विभिन्न आकारका स्टीकर आदी) | प्याकेज | ४ | ५०० | २००० | २ | ५०० | १००० | १ | ५०० | ५०० | १ | ५०० | ५०० | | | |
| ३३ | लोक संस्कृति मार्फत प्रचार प्रसार (गान्धर्व, साकेला नाच, संगिनी नाच मार्फत नेपाल तथा भारतमा पर्यटन प्रवर्धन) | प्याकेज | ४ | २०० | ८०० | २ | २०० | ४०० | २ | २०० | ४०० | | | | | | |
| ३४ | पत्रकार सम्मेलन संचालन (प्रदेश भित्र र बाहिर) | प्याकेज | ६ | १०० | ६०० | २ | १०० | २०० | | | | ४ | १०० | ४०० | | | |
| ३५ | कोशी प्रदेशको होमस्टेहरुको तथ्याङ्क अभिलेखिकरण र सूचना सहितको पुस्तिका प्रकाशन | पटक | १ | १२०० | १२०० | १ | १२०० | १२०० | | | | | | | | | |
| ३६ | नेपाल टेलिभिजन लगायत अन्य टेलिभिजन मार्फत पर्यटन वर्षको प्रवर्धन | प्याकेज | १० | २०० | २००० | | | | | | | १० | २०० | २००० | | | |
| ३७ | रेडियो मार्फत प्रचारप्रसार | प्याकेज | २० | ५० | १००० | ७ | ५० | ३५० | ७ | ५० | ३५० | ६ | ५० | ३०० | | | |
| ३८ | पत्रपत्रिका मार्फत प्रचारप्रसार (पर्यटकीय गन्तव्यहरुको लेख, तस्विर, अन्तर्वार्ता आदी) | प्याकेज | १०० | १५ | १५०० | २५ | १५ | ३७५ | २५ | १५ | ३७५ | ५० | १५ | ७५० | | | |
| ३९ | पर्यटकीय गन्तव्यहरुको सूचनामूलक जानकारी सहितको QR कोड तयारी | प्याकेज | १ | ९०० | ९०० | | | | | | | १ | ९०० | ९०० | | | |
| ४० | बिमानस्थलहरु (काठमाडौ, पोखरा र भैरहवा)को प्रतिक्षालय तथा सिनेमा हलमा पर्यटन प्रवर्धन भिडियो तथा सूचना प्रसार | प्याकेज | ३ | ५०० | १५०० | | | | | | | ३ | ५०० | १५०० | | | |
| ४१ | समग्र कार्यक्रमको प्रतिवेदन प्रकाशन | प्याकेज | १ | ५०० | ५०० | | | | | | | १ | ५०० | ५०० | | | |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४२ | पर्यटन सद्भावनादुत व्यवस्थापन | प्याकेज | १० | ५० | ५०० | | | | | | | १० | ५० | ५०० | | | |
| ४३ | जिल्ला स्तरीय पर्यटन प्रवर्द्धन कार्यक्रम तथा अन्तरक्रिया | संख्या | १४ | २०० | २८०० | ७ | २०० | १४०० | ३ | २०० | ६०० | ४ | २०० | ८०० | | | |
| ४४ | सिमा क्षेत्रका भारतीय सुरक्षा निकाय तथा स्थानीय सरकार र उद्योगीसंग समन्वय बैठक र अन्तरक्रिया | पटक | ५ | २०० | १००० | २ | २०० | ४०० | १ | २०० | २०० | २ | २०० | ४०० | | | |
| ४५ | विदेशी राजदुत र महावाणिज्यदुतसंगको अन्तरक्रिया मार्फत पर्यटन प्रवर्द्धन | प्याकेज | २ | २६० | ५२० | | | | | | | २ | २६० | ५२० | | | |
| ४६ | पर्यटन नीतिगत अन्तरकृया | पटक | २ | १००० | २००० | | | | | | | २ | १००० | २००० | | | |
| ४७ | पर्यटन जनशक्ति बिकास (आतिथ्यता सिप विकास) र अभिमुखीकरण | पटक | २ | १००० | २००० | १ | १००० | १००० | १ | १००० | १००० | | | | | | |
| ४८ | पर्यटन पत्रकारिता सम्वन्धि क्षमता विकास कार्यक्रम | प्याकेज | २ | ५०० | १००० | १ | ५०० | ५०० | १ | ५०० | ५०० | | | | | | |
| ४९ | हस्तकलाका उपहारजन्य सामग्री (मायाको चिनो) उत्पादन सम्बन्धी तालिम (बाँसको जरा) | पटक | १ | १००० | १००० | १ | १००० | १००० | | | | | | | | | |
| ५० | पर्यटन गाइड पोर्टर ड्राइभर हरुलाई क्षमता विकास तालिम अनुशिक्षण (झापा ईटहरी ईलाम उदयपुर मोरङ) | पटक | ५ | २०० | १००० | २ | २०० | ४०० | ३ | २०० | ६०० | | | | | | |
| ५१ | नेपाल र भारतका विभिन्न शहरमा गरिने Road Show मार्फत पर्यटन प्रवर्द्धन | संख्या | ८ | २५० | २००० | ४ | २५० | १००० | ४ | २५० | १००० | | | | | | |
| ५२ | भारतीय सिमा बर्ती बजारमा गरिने मार्ट तथा पर्यटन प्रवर्द्धनमा सहभागिता | पटक | २ | ५०० | १००० | २ | ५०० | १००० | | | | | | | | | |
| ५३ | सुरक्षाका लागि पर्यटक प्रहरी परिचालन | प्याकेज | ४ | १००० | ४००० | | | | | | | | | | ४ | १००० | ४००० |
| ५४ | पर्यटक सूरक्षा सम्वन्धी औजार उपकरण आदि वितरण | प्याकेज | १ | १२०० | १२०० | | | | | | | | | | १ | १२०० | १२०० |
| ५५ | पर्यटक यातायात साधन पहिचान स्टिकर छपाई | प्याकेज | १ | १००० | १००० | | | | | | | | | | १ | १००० | १००० |
| | **प्रवर्द्धनात्मक कार्यक्रमको जम्मा बजेट** | | | | **७५०५०** | | | **२२९५५** | | | **१४६०५** | | | **३१२९०** | | | **६२००** |
| | **सचिवालय तथा कार्यालय संचालन तथा व्यवस्थापन** | | | | **१७२००** | | | **१९००** | | | **१९००** | | | **१३४००** | | | |
| | **कुल जम्मा** | | | | **९२२५०** | | | **२४८५५** | | | **१६५०५** | | | **४४६९०** | | | **६२००** |

## अनुसूची ६ कोशी प्रदेशका केहि पर्यटकीय स्थलहरुको जानकारी

कोशी प्रदेश प्राकृतिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक, ऐतिहासिक, साहासिक र पर्या-पर्यटनका दृष्टिले ज्यादै महत्वपूर्ण छ । कोशी प्रदेशमा रहेका केहि पर्यटकीय स्थलहरुको जिल्लागत रुपमा छोटो परिचय तथा जानकारी निम्नानुसार रहेको छ ।

### जिल्लाः ताप्लेजुङ्ग

**पाथिभरादेवी**

ताप्लेजुङ्ग जिल्लाको सदरमुकाम फुङ्लिङ बजारदेखि करिव १७ किलोमिटर उत्तरपूर्वमा पाथिभरा पर्वत पर्दछ । एउटा अग्लो ढिस्काजस्तो थुम्का माथि रहेकी पाथिभरा देवीको स्थानमा पुग्नका लागि ताप्लेजुङ्ग बजारदेखि ५ किमि उत्तरमा सुकेटार र त्यहाँदेखि देउराली र भालुगौंडा हुँदै ७ किलोमिटर उत्तरतर्फ जाँदा तल्लो फेदी नामक वस्तिमा पुग्न सकिन्छ । त्यहाँबाट करिव ५ किलोमिटर उकालो चढेपछि पाथीभरा देवी स्थानमा पुग्न सकिन्छ । यो स्थान समुद्र सतहदेखि ३७९४ मिटर उचाईमा अवस्थित छ । पाथीमा अन्न भरिएजस्तो देखिने एउटा डाँडाको टुप्पोमा रहेकाले यहाँ रहेकी देवीलाई पाथिभरा भनिएको हो । चिसो डाँडामाथि रहेको यस स्थानमा मानिसहरूको सालैभर भिडभाड लाग्ने भए पनि असोज, कार्तिक र मंशिर तथा फागुन, चैत्र र वैशाख महिना पाथिभरादेवीको भ्रमणमा जाने मुख्य अवधि मानिन्छ ।

**कञ्चनजङ्घा संरक्षण क्षेत्र**

कञ्चनजङ्घा हिमाल पूर्वी नेपालको ताप्लेजुङ जिल्लाको उत्तरपूर्वी भाग स्थित नेपालभारत सिमानामा पर्दछ । विश्वको तेस्रो अग्लो तथा नेपालको भने दोस्रो अग्लो यो हिमशिखर समुद्र सतहदेखि ८५८६ मीटर अग्लो छ । यहाँका वन, वनस्पति, वन्यजन्तु र अन्य प्रकारका प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनका लागि वि.सं. २०५४ साल जेष्ठ २७ गते कन्चनजङ्घा संरक्षण क्षेत्रको घोषणा गरिएको हो । यसको उद्देश्य स्थानीय जनसमुदायको सामुदायिक विकास गर्नु पनि रहेको छ । यसको पूर्वतिर सिक्किममा कञ्चनजङ्घा बायोस्फेयर रिजर्व र उत्तरतिर तिब्बतमा क्वामोङ्मा नेचर रिजर्भ रहेकाले नेपालको कञ्चनजङ्घा संरक्षण क्षेत्रलाई विश्वमा नै निकै महत्वपूर्ण तथा पृथ्वीकै उपहार भनिएको पाइन्छ । कञ्चनजङ्घा हिमशृङ्खलामा जनक हिमाल र कुम्भकर्ण हिमाल पनि पर्दछन् । यस संरक्षण क्षेत्रले २०३५ वर्ग कि.मी. भूभाग ओगटेको छ भने यसमा १५ प्रजातिका जिम्नोस्पर्म, २५०० प्रजातिका फूल फुल्ने विरूवा, २३ प्रजातिका गुराँस र ४८ प्रजातिका सुनाखरी लगायतका वनस्पति पाइन्छन् । भालु, हिमचितुवा, हरिण, मृग, रातो पाण्डा, घोरल, न्याउर र निलो घोडा लगायतका २२ भन्दा ज्यादा प्रजातिका स्तनपायी जीवजन्तु पाइने यस भेगमा चराचुरूंगी र किटपतङ्ग पनि विविध प्रकारका पाइएका छन् ।

**तिम्बुङ्पोखरी**

तिम्बुङ्पोखरी ताप्लेजुङ्ग जिल्लाको पूर्वी भाग नेपाल भारत सिमानामा नै पर्दछ । कञ्चन्जङ्घा आरक्षण क्षेत्रदेखि दक्षिणतिर रहेको यो पोखरी कालिखोला गाउँमा अवस्थित छ । लिम्बू भाषामा तिम्बुङ्को अर्थ टिलपिल भन्ने हुन्छ । तसर्थ टिलपिल पानी भएको पोखरीका रूपमा यसलाई तिम्बुङ्पोखरी भनिएको मानिन्छ । समुद्र सतहदेखि करिव ४२०० मिटरको उचाईमा रहेको यो पोखरी छेउछाउमा अन्य थुप्रै पोखरीहरू पनि छन् । सरस्वती, हनुमान, सूर्य, दूध, गणेश र हाँडीपोखरी यस वरपरका अन्य पोखरीहरू हुन् । यस पोखरीलाई देवीका रूपमा लिने गरिन्छ र यस स्थानमा नागपन्चमीका अवशरमा मेला लाग्ने गरेको छ ।

**फुङ्फुङे झरना**

फुङफुङे झरना ताप्लेजुङ्गको सावाँ गाउँमा पर्दछ । यो झरनाको उचाई करिव ३०० मिटर छ । यो झरनाको पानी फुङफुङ गर्दै झर्ने हुँदा यसलाई फुङफुङे झरना भनिएको हो । यस झरनाको पानी मेवा खोलामा झर्दछ । झरनाको फेदमा फुङफुङदेवीको पूजाआजा गर्ने चलन छ । यसरी यो झरना प्राकृतिक रूपमा सुन्दरमात्र नभएर सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण मानिन्छ ।

## जिल्लाः पाँचथर

### जोरपोखरी

प्रसिद्ध धार्मिक स्थलका रूपमा रहेको जोरपोखरी पाँचथरको सुभाङ र पञ्चमी गाउँको बीचमा पर्दछ । त्यहाँ रहेका दुईवटा पोखरीमध्ये एउटालाई भाले र अर्कालाई पोथी पोखरी भन्ने चलन छ । यस स्थानमा अघि दिंगलाबाट बालगुरू षडानन्द आएर तपस्या गरी बसेका थिए भन्ने जनविश्वास पाइन्छ । साथै वेदव्यासले पनि तपस्या गरेको स्थानका रूपमा यसलाई धार्मिक महत्व दिने गरिएको छ । यस पोखरीका छेउमा केही मन्दिरहरू पनि निर्माण गरिएका छन् । जोरपोखरी क्षेत्रमा विभिन्न अवशरमा मानिसहरूको भीडभाड लाग्ने गरेको छ ।

### कुम्मायक कुस्सायक

पाँचथरको याशोक बजारमा रहेको प्रसिद्ध धार्मिक स्थलको नाम कुम्मायक र कुस्सायक हो । याशोक बजारको दुवैतिरका डाँडामा रहेका मन्दिरहरूलाई कुम्मायक र कुस्सायक भनिएको छ । यो किरात नाम हो भने हिन्दूहरूले चाहिं यसलाई सिद्धदेवी भन्दछन् । यस स्थानमा प्रत्येक ३ वर्षमा वैशाखमा मेला लाग्दछ, जसलाई त्रिशाली मेला भनिन्छ । यसको प्रचारप्रसार र विकास गरिएमा पाँचथर भेगको पर्यटन विकासमा यसले महत्वपूर्ण भूमिका निभाउन सक्ने देखिन्छ ।

### फिदिम

पाँचथरका जिल्लाको सदरमुकाम फिदिम निकै सुन्दर स्थानमा रहेको छ । काबेली र तमोरको संगस्थलदेखि दक्षिणतिर एउटा ठूलो टाहारजस्तो स्थानमा बसेको फिदिम बजार निकै आकर्षक छ । फिदिम लिम्बू भाषाको फेदेनबाट बनेको मानिन्छ, जसको अर्थ टाहार या बसेको स्थान भन्ने हुन्छ । यो बजार टाहारजस्तो स्थानमा बसेको हुनाले यसलाई फिदिम भनिएको मानिन्छ । यहाँ विभिन्न देवीदेवताका मठमन्दिर छन् भने यहाँबाट सुन्दर पहाडी र हिमाली दृश्यावलोकन गर्न सकिन्छ । किरात धर्म र संस्कृतिका दृष्टिले फिदिम यस क्षेत्रको ज्यादै महत्वपूर्ण स्थल मानिन्छ ।

## जिल्लाः ईलाम

### श्रीअन्तु

श्रीअन्तु इलामको सूर्योदय नगरपालिकामा पर्दछ । यो स्थान समुद्र सतहदेखि करिव २३२८ मिटरको उचाईमा छ । श्रीअन्तुको मुख्य आकर्षण त्यहाँबाट देखिने सूर्योदयको दृश्यावलोकन हो । पूर्वी नेपालका विभिन्न स्थानका साथमा कञ्चनजङ्घा र कुम्भकर्ण हिमाल, भारतका सिलिगुढी, खार्साग र मिरिकका साथमा तराईको फाँट पनि यस स्थानबाट सहज रूपमा देख्न सकिन्छ ।

### सन्दकपुर

सन्दकपुर इलामको नेपालभारत सिमानामा रहेको एउटा सुन्दर स्थान हो । यो एउटा अग्लो डाँडा हो, जुन समुद्र सहतदेखि ३६३६ मिटरको उचाईमा रहेको छ । सन्दकपुर इलामको माईमझुवा गाउँमा पर्दछ । नेपाल र भारतका विभिन्न स्थानको दृश्यावलोकनका लागि सन्दकपुर निकै प्रख्यात छ । सन्दकपुरबाट सुन्दर हिमाली दृश्यावलीका साथमा कञ्चनजङ्घा, कुम्भकर्ण र अन्य हिमाली दृश्यहरू देख्न सकिन्छ ।

### माईपोखरी

इलामको माईपोखरी पर्यटकीय दृष्टिले निकै महत्वपूर्ण छ । यसलाई झापाको माई खोलाको मुहान मानिन्छ । माईपोखरी इलाम बजारदेखि करिव १३ कि.मी. उत्तरतर्फ पर्दछ । यो पोखरी समुद्र सतहदेखि २१३० मिटर उचाईमा अवस्थित छ । माईपोखरी करिव ८ रोपनी क्षेत्रफलमा फैलिएको छ । यस पोखरीका नौवटा कुना छन्, जसको नौ कुनामा नवदुर्गा भवानीको वास रहेको विश्वास गरिन्छ । माईपोखरीमा सालैभर मानिसहरू पुग्ने गरेका छन् ।

### कन्याम र फिक्कल

कन्याम मेची राजमार्गबाट इलाम तथा ताप्लेजुङतिर जाने बाटामा पर्दछ । चियाको सुन्दर बगान रहेको यहाँको एउटा ठाडो डाँडो निकै सुन्दर देखिन्छ । नेपालको पुरानो चियाको बगानका रूपमा कन्याम निकै सुन्दर पनि छ । झापाको चारआलीदेखि थोरै उत्तरमा रहेको यो स्थान चिसो हावापानी र सुन्दर चिया बगैंचाका कारण प्रख्यात बनेको हो । यसैगरी फिक्कल भने

कन्यामदेखि केही उत्तरतिर रहेको छ । इलामको सवैभन्दा पुरानो बजार यही हो । फिक्कल पनि चिया बगानका लागि प्रख्यात छ ।

### जिल्लाः झापा

#### किचकबध

झापाको चन्द्रगढीदेखि करिव १० किलोमिटर दक्षिणतिर पृथ्वीनगर गाउँमा पर्ने किचकबध स्थान ऐतिहासिक र पर्यटकीय दृष्टिले निकै महत्वपूर्ण छ । यस स्थानमा एउटा षट्कोण आकारको पोखरी, केही मठमन्दिर र विभिन्न प्रकारका पुरातात्विक वस्तुहरू पाइएका छन् । त्यस क्षेत्रको महत्वका बारेमा महाभारत कालका राजा विराटको कथाप्रसङ्ग जोड्ने गरिन्छ । यसमा महाभरतका पात्र भीमसेनले राजा विराटको सालो किचकलाई बध गरेको प्रसंग जोड्ने गरिएको छ ।

#### सतासीधाम

झापाको धार्मिक तथा पर्यटकीय क्षेत्र सतासीधाम शिवसतासी नगरपालिकामा पर्दछ । पूर्वपश्चिम राजमार्गको झिलझिलेदेखि करिब पाँच किलोमिटर उत्तरमा तथा चुरेपर्वतको फेदीमा नै रहेको यो स्थान निरन्तर वगिरहने पानी भएको सतासीखोला र वनजंगलले गर्दा निकै रमणीय पनि छ । सतासीधाम क्षेत्रमा सताक्षीदेवी, दिगम्बेश्वर महादेव, हनुमान र गायत्रीका साथमा अन्य विभिन्न देवीदेवताका मन्दिरहरू छन् ।

#### अर्जुनधारा

झापाको शनिअर्जुन नगरपालिकामा पर्ने अर्जुनधारा क्षेत्र महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थल हो । पूर्वको पशुपतिका नामले चिनिने यो स्थानमा काठमाडौंको पशुपतिको सरहनै मन्दिर निर्माण गरिएको छ । दुई तहको छानायुक्त तले शैलीको यो मन्दिरका टुँडाल, तोरण र अन्य सामग्रीहरू काठमाडौंबाट ल्याएर प्रयोग गरिएका हुन् । पशुतिको स्वरूपमा मन्दिर निर्माणका लागि त्यसमा प्रयोग गरिएका तेली ईंटा पनि काठमाडौंबाट नै ल्याइएको बताइन्छ । अर्जुनधारामा एउटा वेद पाठशाला पनि संचालित छ । त्यहाँ बालाचतुर्दशी र शिवरात्रीका अवशरमा ठूलो मेला लाग्दछ भने श्रावण महिनाभर शिवजीलाई जल चढाउने भक्तालुको पनि त्यत्तिकै भिड लाग्दछ ।

#### दोमुखा

माईनदी पहाडबाट तराईमा निश्कने स्थानमा एउटा नहर निकालिएको छ, जुन स्थानलाई दोमुखा भन्ने गरिन्छ । धार्मिक रूपमा त्यस स्थानको खासै महत्व नरहे पनि नहर निकालिएको स्थान सुन्दर पार्कका रूपमा रहेकाले त्यस स्थानमा वनभोज खान जाने मानिसहरूको निकै भीडभाड लाग्ने गरेको छ ।

#### जामुनखाडी सिमसार

जामुनखाडी सिमसार क्षेत्र झापाको कनकाई नगरपालिकामा पर्दछ । यहाँको जामुनबारी सामुदायिक वनको क्षेत्रफल ४३४ हेक्टर र सिमसारको क्षेत्र भने २६.५४ हेक्टरजति रहेको छ । यहाँका दुईवटा पोखरीको नाम गङ्गा र जमुनापोखरी राखिएको छ, जसमा जमुनापोखरी भने पर्यटकीय गतिविधिका लागि खुला गरिएको पाइन्छ । जामुनखाडी सिमसार क्षेत्रका पोखरीमा डुङ्गामा मनोरञ्जन गर्ने, जंगली जनावरको अवलोकन गर्ने तथा वनभोज खानेजस्ता क्रियाकलाप चलिरहेका छन् । यस क्षेत्रमा बाँदर, अजिंगर, गिद्ध, चरीबाघ, मृग, मुसा, मयुर, बाज, उल्लु र अन्य चरा, पशु तथा जीवजन्तु संरक्षण गरेर राखिएको छन् । तसर्थ यस भेगमा एउटा चिडियाखानाको स्वरूपसमेत विकास भएको देखिन्छ ।

### जिल्लाः मोरङ

#### विराटराजा दरवार क्षेत्र

मोरङको विराटनगर स्थित नेपाल भारत सिमानासँगै विराटराजाको दरबार क्षेत्र पर्दछ । यस भेगमा विभिन्न प्रकारका पुरातात्विक वस्तुहरू सतहमा नै पाइने गर्दछन् । यहाँ पुराना पोखरी, ईनार, ढिस्काढिस्कि र भवनका भग्नावशेषहरू पाइएका छन्। भारततिर समेत ठूलो क्षेत्रमा त्यस्ता भग्नावशेषहरू पाइने हुँदा विगतमा त्यस क्षेत्रमा निकै ठूलो शहरी सभ्यताको विकास भएको स्पष्ट भएको छ । यस स्थानलाई विराट राजाको दरबार क्षेत्र मान्ने गरिएको छ । यहाँ थुप्रै पोखरीहरू,

इनारहरू, पुरातात्विक वस्तु र घरका भग्नावशेषहरू पाइएका छन् । यहाँको पुरानो उत्खनन् गरिएको ढिस्कामा हाल आएर भद्रिकादेवीको एउटा मन्दिर निर्माण गरिएको छ ।

**धनपालगढी**

मोरङको बेलबारी नगरपालिका स्थित कसेनीमा प्रसिद्ध धनपालगढी रहेको छ । करिब ३५ बिगाहा जमिनमा फैलिएको यो गढी पुरातात्विक एवम् ऐतिहासिक दृष्टिले निकै महत्वपूर्ण पनि छ । त्यहाँका मुख्य आकर्षण गढीको अवशेष, पुराना पोखरी, पुरातात्विक भग्नावशेषहरू र हरियो जंगल नै हुन् । धनपालगढी एउटा सुन्दर पार्कका रूपमा रहेको छ ।

धनपालगढीमा राजा धनपालको मन्दिर र विभिन्न पोखरीहरू छन् भने गढीलाई ठूलो पर्खालले घेरिएको अवशेष देख्न सकिन्छ । त्यहाँ राजा धनपालको प्रतिमा, मन्दिर र अन्य पुरातात्विक वस्तुहरू पनि पाइएका छन् । यस भेगमा प्रत्येक साल वैशाख १० गतेका दिन सिरूवा मेला लाग्ने गरेको छ ।

**हँसिना सिमसार, सुन्दरपुर**

मोरङ जिल्लाको सुन्दर हरैंचा नगरपालिकामा लाटिझोडाको नमूना सामुदायिक वन क्षेत्रभित्र हँसिना सिमसार पर्दछ । सुनसरी जिल्लाको तालतलैयादेखि पूर्वतर्फ पर्ने यो सिमसार क्षेत्र जैविक विविधताका दृष्टिले निकै महत्पूर्ण मानिन्छ । यस क्षेत्रमा बूढासुब्बा र किरातेश्वर मन्दिर छन् । मगर, राई, लिम्बू, मुसहर, क्षेत्री र ब्राह्मण बसोबास गर्ने यस भेगका सवै मानिसहरू यी देवीदेवताप्रति गहिरो विश्वास गर्दछन् । यहाँका पोखरी, जंगलबाट आउने जरूवा पानी र हँसिना खोलाले लाटिझोडाको सुन्दरता बढाएका छन् । हँसिना सिमसार क्षेत्र जैविक विविधतायुक्त, पानीको मुहान, पोखरी, ताल र खोलानाल रहेको आकर्षक क्षेत्र हो । यस भेगमा विभिन्न प्रकारका वनस्पति र जीवजन्तुहरू पाइने गर्दछन् ।

**बेतना सिमसार, बेलवारी**

बेलवारी नगरपालिकामा पूर्वपश्चिम राजमार्ग छेउमा नै बेतना सिमसार क्षेत्र पर्दछ । त्यस भेगमा अघि बेलका रूखहरू प्रशस्त मात्रामा पाईने हुनाले त्यस गाउँलाई बेलवारी भनिएको मानिन्छ भने सिमसार क्षेत्र छेउछाउको जंगलमा बेतका झाडी पाइने हुनाले यस क्षेत्रलाई बेतना सिमसार क्षेत्र भनिएको हो । बेलवारी बजारदेखि करिब १.५ किलोमिटर पूर्वतर्फ पूर्वपश्चिम राजमार्गको उत्तरतिर बेतना सिमसार क्षेत्र रहेको छ । यहाँ प्रत्येक साल मंशिर महिनादेखि रसियाको साइबेरिया देखिका चराचुरूङ्गीहरू आउने गर्दछन् ।

**बेतिनी सिमसार, उर्लावारी**

उर्लावारी नगरपालिकाको किसानचोकदेखि उत्तरतिर बेतिनी सिमसार पर्दछ । यो स्थान मोरङको सदरमुकाम विराटनगरदेखि करिब ५५ किलोमिटर पूर्वतर्फ अवस्थित छ । यो सिमसारक्षेत्र करिब २० विगाहा क्षेत्रफलमा फैलिएको देखिन्छ । हाल यस सिमसार क्षेत्रमा ठूलठूला दुईवटा पोखरीहरू बनाइएका छन्, जुन जंगलमा उम्रिएर आएको पानीले बनेका हुन् । गणेश, राधाकृष्ण र कालीका मन्दिर उर्लाबारी भेगमा रहेका छन्, जसलाई पनि बेतिनी सिमसारसँग समन्वय गरी पर्यटनको विकास गर्न सकिन्छ । बेतिनी सिमसार क्षेत्रको सांस्कृतिक तथा सामाजिक महत्वको विषयवस्तु भने जनजातिका परम्पराहरू हुन् । बेतिनी छेउको महाराजको थानमा धिमालहरूको ढङढङे मेला ३ देखि ४ दिनसम्म लाग्ने गर्दछ ।

**जेफाले डाँडा**

जेफाले मोरङ जिल्लाको केरावारी गाउँपालिकामा पर्दछ । सुरूसुरूमा यहाँ स्थानीय गोठालाहरूले सिकारलाई फसाउनका लागि ढुङ्गा र अन्य वस्तुको पासो थाप्ने डाँडाको नाम नै जेफाले रहन गएको हो । जेफालेडाँडाबाट सूर्योदय र सुर्यास्तको रमणीय दृश्यका साथमा पूर्वाञ्चलका सोह्रटै जिल्लाका दृश्यहरू देखिने हुनाले यसलाई दृश्यावलोकनका लागि महत्वपूर्ण स्थान मानिन्छ । तसर्थ हाल यस डाँडाको टुप्पामा दृश्यावलोकनका लागि एउटा दृश्यावलोकन टावर बनाइएको छ ।

**राधाकृष्ण रथजात्रा, विराटनगर**

पूर्वी नेपालको विराटनगरमा प्रत्येक साल कृष्णजन्माष्टमीको भोलिपल्ट राधाकृष्णको रथजात्रा गर्ने चलन छ । कृष्णअष्टमीका रातमा श्री कृष्ण जन्मिने मान्यतामा त्यसको भोलिपल्ट तिनलाई रथमा राखेर शहर परिक्रमा गराई सम्मान गर्ने परिपाटीको विकास भएर राधाकृष्णको रथ तान्ने जात्रा सुरू भएको हो । कृष्णलाई झुलनमा सुताउने, अष्टमी पर्व मनाउने र तिनलाई

खटमा राख्ने परम्परा निकै पुरानो हो । विराटनगरमा यहाँको पुरानो परम्परालाई वि.सं. १९७८ सालदेखि भने केही भव्य बनाइयो र बालकृष्णको प्रतिमा खटमा राखेर मन्दिर परिक्रमा गराउने चलन चल्यो । त्यसपछि पुन त्यसलाई रथमा राखेर बजार परिक्रमा गराउने चलन चल्यो । यो परम्पराको विकास भएर हाल यो पर्व नेपालकै अत्यधिक ठूलो पूर्वीका रूपमा स्थापित भएको छ । यसलाई भारतको उडिसा स्थित जगन्नाथको यात्रापछिको दक्षिण एशियाकै दोश्रो ठूलो यात्राका रूपमा लिने गरिएको पाइन्छ ।

## जिल्लाः सुनसरी

### वराहक्षेत्र

वराहक्षेत्र सुनसरी जिल्लाको उत्तरपश्चिमी भागमा पर्दछ । यो स्थान कोकाखोला र कोशीनदीको संगम स्थलमा रहेको छ । वराहक्षेत्रमा मूल मन्दिर, सूर्यवराह, गुरूवराह, नागेश्वर र लक्ष्मीका मन्दिरहरूका साथमा विभिन्न प्रकारका धर्मशालाहरू रहेका छन् । त्यहाँ वराहकुण्डका साथमा अनेक प्रकारका निर्माणका कार्यहरू गरिएका पाइन्छन् । तसर्थ वराहक्षेत्रको मुहार दिनहुँजसो परिवर्तन हुँदै गएको छ । वराहक्षेत्रमा मेला लाग्ने मुख्य पर्व कार्तिक पूर्णिमा र मकर संक्रान्ति हुन् ।

### रामधुनी

सुनसरीको रामधुनी नगरपालिकामा झुम्का बजारदेखि करिव सात किलोमिटर पश्चिममा धुनीवन पर्दछ । त्यस स्थानमा निरन्तर रूपमा धुनी बालेर राखिने हुनाले त्यसलाई धुनिवन भनिएको हो । त्यस वनको बीचमा तथा सुनसरी खोलाको पूर्वी तटमा धुनीमन्दिर छ । त्यस स्थानलाई स्थानीय मानिसहरूको बोलिचालिमा रामधुनी भन्ने गरिन्छ । त्यहाँको मूल मन्दिर धुनी मन्दिर हो, जसमा देवप्रतिमाहरूको बदलामा एउटा साजको मूढा जलाएर राख्ने गरिएको छ । रामधुनीमा पूजाआजा हुने प्रमुख वस्तु पनि त्यही नै हो । त्यसै मूढाको जलेको खरानीलाई त्यस स्थानको देवताको प्रसाद मान्ने चलन छ । धुनीवन करिव ३१०० बिगाहाको क्षेत्रफलमा विस्तार भएको छ । तराइको सुगम फाँटमा पर्ने रामधुनीसम्म पुग्न झुम्का बजारदेखि पक्की मोटरबाटो निर्माण गरिएको देखिन्छ ।

### चतरा

धरानको पश्चिम तथा रामधुनी नगरपालिकाको उत्तरतिर वराहक्षेत्र नगरपालिकामा पर्ने चतरा सप्तकोशी नदी तराईमा झर्ने स्थान हो । यसको नाम क्षेत्रबाट चतरा भएको मानिन्छ । यसको सप्तकोशी पारी रामपुर ठोक्सिला भन्ने स्थान छ भने चतरादेखि करिव ७ किलोमिटर उत्तरमा सप्तकोशी किनारमा नै वराहक्षेत्र पर्दछ । यसरी चतरा वराहक्षेत्र जाने बाटामा रहेको पुरानो धार्मिक स्थल हो । त्यहाँबाट चतरा नहर बनाइएको, बिजुली निकालिएको, दुर्वाशाघाट र चतराघाट जस्ता घाटहरू त्यहीं रहेको तथा जगद्गुरू पीठ, रामानन्दपीठ, विभिन्न मठमन्दिर र धर्मशालाहरूका साथमा औलियामठ रहेको हुनाले पनि चतरा निकै महत्वपूर्ण छ ।

### पिण्डेश्वर

धरानको विजयपुरमा पिण्डेश्वर महादेवको मन्दिर छ । यसको स्थापना मध्यकालतिर भएको मानिएको छ । पिण्डेश्वरमा ईसाको चौधौं शताब्दीदेखिका कलावस्तु, मूर्ति र मन्दिरहरू रहेका छन् । मध्यकालतिर सेनहरूका पालमा यी मठमन्दिरहरू स्थापना गरिएको मानिन्छ । पिण्डेश्वरबाबाका नामले सादा शिवलिंगमा पूजाआजा हुने गर्दछ । यसको मन्दिर पनि सामान्य गुम्बज शैलीमा निर्मित छ । धरान भेगका मानिसहरू दिनहुँजसो पिण्डेश्वर भेगमा पुग्ने गर्दछन् । यहाँ प्रत्येक साल श्रावण महिनामा पानी चढाउने बोलबमहरूको भिडभाड लाग्ने गर्दछ । यहाँ सप्तकोशी नदीको पानी ल्याई चढाउने गरिन्छ ।

### दन्तकाली

दन्तकाली मन्दिर धरान विजयपुरको एउटा महत्वपूर्ण धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय स्थल हो । दन्तकालीको मन्दिर भव्य तले शैलीमा निर्मित छ । यो मन्दिर पिण्डेश्वरदेखि करिव ५०० मिटर उत्तरतिर विजयपुर डाँडामाथि पर्दछ । यसको स्थापना अघि मध्यकालतिर गरिएको हो । स्वस्थानी व्रतकथामा पाइने सतीदेवीका दाँत पतन भएको स्थान यही दन्तकाली थियो भन्ने जनविश्वास पाइन्छ । तसर्थ यसलाई दन्तकाली भनिएको हो । दन्तकाली मन्दिरको मुख्य पूज्य वस्तु पनि दाँत आकारको वस्तुनै हो । दसैंको समयमा दन्तकाली मन्दिरक्षेत्रमा मानिसहरूको ठूलो भिडभाड लाग्ने गर्दछ ।

**बूढासुब्बा**

विजयपुर भेगमा रहेको एउटा महत्वपूर्ण मन्दिर बूढासुब्बाको हो, जसमा रहेको एउटा सानो ढिस्कालाई बूढासुब्बाका नाममा पूजाआजा गर्ने गरिन्छ । बूढासुब्बा स्थान दन्तकालीदेखि करिव ५०० मिटर पूर्वतिर सेउती खोलाको डिलमा विजयपुरडाँडामा नै रहेको छ । यहाँ बूढासुब्बा र बूढीसुब्बेनीको पूजाआजा हुने गरेको छ । यिनलाई चिताएको कुरा पूरा गराउने देवता मानिन्छ । बूढासुब्बा भेगमा टुप्पा ठूटो देखिने बाँस पाइन्छ, जसलाई स्थानीय जनमानसमा बूढासुब्बाले गुलेली हानेर भाँचेको विश्वसा गरिन्छ । यहाँ विभिन्न प्रकारका मट्यांग्राहरू पनि पाइने गरेका छन् । बूढासुब्बालाई किरातेश्वरका रूपमा लिने पनि चलन छ । यहाँ प्राय शनिवारका दिनहरूमा मानिसहरुको ज्यादा भीडभाड लाग्ने गरेको छ ।

**कोशीटप्पू वन्यजन्तु आरक्ष**

सुनसरीको कोशीटप्पू आरक्ष केन्द्र नेपालकै प्रख्यात सिमसार क्षेत्र हो । यो क्षेत्र सप्तकोशी नदीको टापुका रूपमा रहेको छ । पश्चिम कुशाहा, हरिपुर र अन्य छेउछाउका गाउँका केही भागलाइ समेटेर निर्माण गरिएको यो सिमसार क्षेत्र नेपाल भारत सिमाना नजिकै रहेको छ । बसाइसरी आउने लगायतका अन्य ४८५ प्रजातिका चराहरू, ५१४ प्रजातिका वनस्पति, ११४ प्रजातिका पानीचरा, २१ प्रजातिका स्तनपायी, ४५ प्रजातिका एम्फिविया र रिप्टायल्स, २०० प्रजातिका माछा र दुर्लभ अर्नासमेत पाइने यो आरक्षण क्षेत्र नेपालकै प्रख्यात सिमसार क्षेत्रका रूपमा परिचित छ । यसलाई सन् १९८७ मा विश्व रामसार क्षेत्रमा सूचिकृत गरिएको थियो ।

जिल्लाः धनकुटा

**जाल्पादेवी छिन्ताङ्ग**

धनकुटा जिल्लाको छिन्तांग गाउँमा प्रसिद्ध जाल्पादेवीको मन्दिर रहेको छ । अन्यत्रका मानिसहरूले यिनलाई छिन्तांग देवीका नामले जान्दछन् भने स्थानीय मानिसहरूचाहिं जाल्पादेवी भन्दछन् । यिनलाई जलमा उत्पन्न भएकी देवीका रूपमा जलदेवी र कालान्तरमा जाल्पादेवी भनिएको हो । धनकुटाको आसपासका मात्र नभएर पूर्वी नेपालको ठूलो क्षेत्रका मानिसहरूले विश्वास गर्ने यी देवीलाई भाकल गरी खुशि तुल्याएमा मनोकांक्षा पूरा हुने कुरामा स्थानीय मानिसहरू विश्वास गर्दछन् ।

**मधुगंगा**

मधुगङ्गा धनकुटा नगरपालिकाको वडा नं. २ भीरगाउँमा पर्दछ । मधुगंगा हिले बजारको षडेश्वर शिवालयदेखि करिव ९.५ कि.मि. दक्षिण पूर्वमा अवस्थित छ । यो एउटा पानीको झरना, गुफा र प्राकृतिक प्रस्तरयुक्त स्थल हो । तर यसलाई मधुगङ्गा तीर्थका रूपमा स्थानीय मानिसहरू लिने गर्दछन् । मधुगङ्गा खोलाको बीच भगमा एउटा पहरामा गुफाको मुखबाट करिव ५ मिटर माथि एउटा शिवलिंग छ । त्यसलाई मधुगङ्गा शिवजी मानेर पूजाआजा गर्ने चलन छ । यसको माथितिर छेउमा एउटा छहरा छ भने गुफाभित्रबाट पानी उम्रिएर बगि रहेको देखिन्छ । मधुगंगामा धान्यपूर्णिमा, माघेसंक्रान्ति र श्रावणका महिनामा मेला लाग्ने गर्दछ । विशेषगरी धान्यपूर्णिमा र मकर संक्रान्तिका अवशरमा भने यहाँ अन्यत्रका मानिसहरू पनि आउने गर्दछन् । तर श्रावण महिनामा भने बाहिरका मानिसहरू कम मात्रामा आउने चलन पाइन्छ ।

**भेडेटार**

सुनसरीको धरानदेखि १३ किलोमिटर उत्तर तथा धनकुटाको दक्षिणी भागमा सुन्दर वस्ती भेडेटार रहेको छ । धनकुटाको भेडेटार कोशी राजमार्गमा नै पर्दछ, जुन स्थान धरान उपमहानगरपालिकासँग जोडिएको छ । तराईबाट नजिकै रहेको तथा सितल हावापानी रहेको यो स्थान निकै सुन्दर पनि छ । तसर्थ विशेषगरी गर्मीको समयमा यस स्थानमा नेपाल तराई र भारततिरका पर्यटकहरू ठूलो संख्यामा आवतजावत गर्ने गरेका छन् । भेडेटार समुद्र सतहदेखि करिव १४३० मिटरको उचाईमा रहेको छ । यहाँबाट डाँडाबजार, आहाले तथा धनकुटातिर जाने बाटो छुट्टिएको छ । स्काइवाक, साँगुरीगढी, नाम्जेको आत्मा बस्ने घर, नमस्ते झरना र पाथिभरा देवी लगायतका स्थानहरू भेडेटारको छेउछाउमा नै रहेका छन् ।

**राजारानी पोखरी**

धनकुटाको राजारानीमा राजारानी पोखरी अवस्थित छन् । यो पोखरी क्षेत्र भेडेटारदेखि डाँडाबजार हुँदै ६ नं. बुधवारेतिर जाने बाटामा पर्दछ । समुद्र सतहदेखि १८०० मिटर उचाईमा राजापोखरी र रानीपोखरी गरी दुईवटा पोखरी छन् । यो पोखरी ५०० रोपनीमा फैलिएको छ । राजारानी पोखरी सुन्दर स्थानमा रहेको हुनाले यस स्थानको भ्रमणमा सालिन्दा थुप्रै मानिसहरू पुग्ने गरेका छन् । यो स्थान धनकुटाको भेडेटारदेखि १९ किलोमिटर पूर्वमा पर्दछ । यस स्थानमा खानेबस्ने र पोखरीमा नौका शयर गर्ने व्यवस्था रहेको छ ।

## जिल्लाः भोजपुर

**हतुवागढी**

हतुवागढी भोजपुरको एक महत्वपूर्ण पर्यटकीय क्षेत्र हो । भोजपुर जिल्लाको दक्षिण पूर्वमा अवस्थित हतुवागढी घोडेटार भेगमा पर्दछ । यो भेग भोजपुरदेखि दक्षिण पूर्वमा पर्दछ । यो किल्ला माझ किरातका लडाकूहरूले बनाएको मान्यता छ । यो गढी मध्यकालताका बनेको मान्यता छ । यहाँ गढीका अवशेषहरू यत्रतत्र छरिएर रहेका छन् । हतुवागढी ऐतिहासिक र सांस्कृतिक रूपमा महत्वपूर्ण मानिन्छ । किरात संस्कृतिको अध्ययन गर्ने मुख्य क्षेत्र यही हो ।

**टक्सार**

टक्सार भोजपुर बजारदेखि केही दक्षिणतिर टाहारमा बसेको पुरानो बजार हो । वि.सं. १८७२ सालमा यस स्थानमा टक्सार खोलेपछि यहाँ बसोबासको सुरूवात भएको हो । यहाँ करिव २०० वर्ष पुराना विहार, धारा, मन्दिर र अन्य वास्तु रहेका छन् । टक्सार पुरानो टक काटिने स्थान भएकाले ऐतिहासिक रूपमा यसको विशेष महत्व रहेको छ । पूर्वी नेपालको थेरवादी बौद्ध धर्मको इतिहासमा पनि यहाँको विहार निकै प्रख्यात छ ।

**सिद्धकाली**

भोजपुरको सदरमुकाम भोजपुर बजारमा प्रसिद्ध सिद्धकालीको मन्दिर छ । यिनलाई भोजपुर भेगमा साक्षात देवी मान्ने गरिन्छ । आर्य र किराती संस्कृतिका अनुयायीले पूजाआजा गर्ने यी देवीको ख्याति निकै धेरै रहेको पाइन्छ । विशेषगरी शनिवार र विदाका दिन सिद्धकालीमा मानिसहरुको ज्यादा भीड लाग्ने गरेको छ । तसर्थ भोजपुर सदरमुकाम भेगको पर्यटन विकासमा यसले टेवा पुर्‍याउने देखिन्छ ।

**दिङ्ला**

भोजपुरको उत्तरपूर्वमा अवस्थित दिङ्ला ऐतिहासिक र सांस्कृतिक दृष्टिले निकै महत्वपूर्ण स्थान हो । यस स्थानलाई हिन्दूहरूको आध्यात्मिक केन्द्र मानिएको छ । हाल त्यहाँ जनस्तरबाट खोलिएको नेपालकै पहिलो षडानन्द संस्कृत पाठशाला छ । उक्त विद्यालय वि.सं. १९३२ सालमा अबाल ब्रह्मचारी षडानन्द अधिकारीले खोलेका हुन् । तसर्थ दिङ्ला धेरै पहिलेदेखि नै संस्कृत पठनपाठनको केन्द्रका रूपमा परिचित थियो । षडानन्दले त्यसै स्थानमा तप गरी सिद्धि प्राप्त गरेको विश्वास गरिन्छ । यता महामाया योगमायाको कर्म थलो पनि दिंग्लाको नजिकै मजुवा वेंशी थियो । अरूणको रमणीय फाँट र कुम्भकर्ण हिमालको दृश्य देखिने उक्त स्थान प्राकृतिक आकर्षणका लागि पनि प्रख्यात छ । दिङ्ला शिक्षाको केन्द्रमात्र नभएर नेपालको रूद्राक्ष प्राप्ति हुने प्रमुख स्थानका रूपमा पनि परिचित छ । षडानन्द र योगमायाको कर्मथलो दिङ्ला धार्मिक र आध्यात्मिक दृष्टिले उल्लेख्य स्थान हो । त्यहाँ रामनवमी र बालाचतुर्दशीका दिन ठूलठूला मेला लाग्ने गर्दछन् ।

## जिल्लाः तेह्रथुम

**तीनजुरे**

तीनजुरे तेह्थुमको वसन्तपुरदेखि करिव आधा घन्टाको दुरीमा रहेको छ । समुद्र सतहदेखि ३०६६ मिटरको उचाईमा रहेको यो स्थानमा तीनवटा जुरोजस्तो पहाड रहेको हुनाले यसलाई तीनजुरे भनिएको हो । यहाँबाट कञ्चनजङ्घा, कुम्भकर्ण, मकालु र सगरमाथा हिमालका साथमा पहाड र जंगलको रमणीय दृश्य देखिने हुँदा यो स्थान निकै महत्वपूर्ण मानिन्छ । यस स्थानबाट एकातर्फ सूर्योदय र सूर्यास्तको सुन्दर दृश्य देख्न सकिन्छ भने यस भेगमा करिव २८ प्रकारका लालिगुराँसहरू पाइने गर्दछन् । विशेषगरी गुराँसका लागि तिनजुरे, मिल्के र जलजले क्षेत्र प्रख्यात छ ।

**ह्यातुङ झरना**

ह्यातुंगझरना तेह्रथुमको इसिबु र सम्दू गाउँको बीचमा पर्दछ । यसको उचाई ३६५ मिटर रहेको छ । कसैकसैले यसलाई एशियाकै लामो झरना पनि भनेका छन् । यो झरनाबाट पानी झर्दा घाम लागेको समयमा इन्द्रेणी लागिरहेको महशुष हुने गर्दछ । यसको पानी सिमलको भुवा उडेजस्तै गरी झरेको देखिन्छ । हाल यहाँसम्म जाने मोटरबाटोको ट्र्याक खोलिएको छ । यसको सुन्दरतामा अभिबृद्धि गरी यातायातको विकास र प्रचारप्रसार गरिएमा ह्यातुंग झरना यस भेगको पर्यटन विकासमा सहयोगी हुने देखिन्छ ।

**सिंहबाहिनी (म्याङ्लुङ्)**

सिंहको वाहन भएकी देवीको नाम सिंहवाहिनी हो । सिंहवाहिनीनै नाम भएको एउटा देवीको मन्दिर तेह्रथुमको सदरमुकाम म्याङ्लुङ् बजारमा रहेको छ । उक्त मन्दिरमा सिंहमाथि आसिन दुर्गाको मूर्ति राखिएको छ । उँधौली, उँभौली र बडादशैंका अवशरमा म्यांगलुंगकी यी देवीको धुमधामका साथ पूजाआजा हुने गर्दछ । स्थानीय मानिसहरू यिनलाई साक्षात् देवीका रूपमा लिने गर्दछन् । हाल आएर भने प्रत्येक दिनजसो त्यहाँ गएर देवीको पूजाआजा गर्ने मानिसहरूको निकै ठूलो जमघट हुने गरेको छ ।

**पटेकडाँडा**

पटेकडाँडा तेह्रथुमको पश्चिमी भागमा पर्दछ । फुलेक गाउँमा पर्ने यो डाँडामा पुग्न चित्रे बजारबाट करिव आधा घन्टा पैदल यात्रा गर्नु पर्दछ । मार्गापोखरी छेउको यस डाँडाबाट सूर्योदय र सूर्यास्तको सुन्दर दृश्यावलोकन गर्न सकिन्छ । समुद्र सतहदेखि २५०० मिटरको उचाईमा रहेको पटेकडाँडामा गुराँसको सुन्दर जंगल छ । सुन्दर प्राकृतिक वातावरणको दृश्यावलोकन गर्न सकिने यस डाँडाबाट कञ्चनजङ्घा, कुम्भकर्ण, मकालु र अन्य हिमालहरू देखिने गर्दछन् । वसन्तपुर, चित्रे, सिंधुवा, डंगडंगे र शुक्रबारेबाट पनि पटेकडाँडातिर जाने बाटाहरू रहेका छन् । यसको सवैभन्दा नजिकको बजार भने चित्रे हो ।

## जिल्लाः संखुवासभा

**मकालु वरूण राष्ट्रिय निकुञ्ज**

मकालु-वरूण राष्ट्रिय निकुञ्ज संखुवासभाका १० वटा र सोलुखुम्बूका २ वटा गाउँ मिलाएर वि.सं. २०४८ साल मंशिर २ गते घोषणा गरिएको हो । यो निकुञ्ज २३३० वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यो निकुञ्ज अरूण उपत्यकादेखि मकालु हिमालसम्म फैलिएको पाइन्छ । यसको पूर्वमा अरूणनदी, उत्तरमा चीनको सिमाना, दक्षिणमा साउने डाँडा र पश्चिमी भागमा भने सगरमाथा राष्ट्रिय निकुञ्ज पर्दछन् । मकालुवरूण राष्ट्रिय निकुञ्ज मा ५० जातभन्दा ज्यादा स्तनपायी, ६७ जातका जडीबूटी, ४७ जातका सुनाखरी, ४८ जातका जंगली गुलाफ, ५६ प्रजातिका लोपोन्मुख विरूवाहरू, १९ प्रजातिका बाँस, १३ प्रजातिका उभयचर प्राणी, २५ जातका गुराँस, ४३१ जातका चरा र १५० जातका पुतली पाइने गर्दछन् । बँदेल, घोरल, थार, हिउचितुवा, हिउभालु, रातोपाण्डा र कस्तुरीका साथमा काँडेभ्याकुर जस्ता दुर्लभ पंक्षीहरू पनि यस निकुञ्ज मा पाइने गर्दछन् ।

**मनकामना**

संखुवासभाको तुम्लिंगटार नजिकै खाँदवारी नगरपालिकामा अरूण नदीको किनारी भागमा पूर्वकी मनकामनाको मन्दिर छ । त्यसको छेउमा अरूण नदीको किनारी भागमा नै एउटा अनौठो र ठूलो प्रस्तरलाई पुरानो मनकामनाका रूपमा अहिले पनि पूजाआजा गर्ने गरिन्छ । त्यसलाई कहिलेकाहीं अरूण नदीको पानीले छोप्ने पनि गरेको छ । तसर्थ यसको केही उत्तरतिर नदीको डिलमा मनकामनाको मन्दिर स्थापना गरिएको हो । त्यस स्थानमा मनकामनाका साथमा अन्य देवीदेवताको पनि प्रतिमा र मन्दिरहरू रहेका छन् ।

**सिद्धाकाली**

संखुवासभाको चैनपुर बजारदेखि करिव ३ किलोमिटर पूर्वमा पर्ने सिद्धकाली गाउँमा चैनपुरे कालिका सिद्धकालीको मन्दिर अवस्थित छ । यस स्थानलाई स्वस्थानी व्रतकथामा उल्लेखित सतिदेवीको दाहिने आँखा पतन भएको स्थान चन्द्रपुर मान्ने

गरिन्छ । त्यहाँ सतिदेवीको आँखाको प्रतीकमात्र नभएर सिद्धकालीको प्रतिमा पनि राखिएको छ, जुन धातुका पाता जोडेर निर्माण गरिएको देखिन्छ । पित्तलबाट निर्मित दस हातयुक्त कालीको यो मूर्तिले चैनपुर भेगको स्थानीय कला दर्साउने गर्दछ । त्यहाँ विष्णु, गणेश र शिवका मूर्ति तथा मन्दिरहरू रहेका छन् । त्यहाँको शिवालयलाई प्रकाशेश्वर भनिन्छ भने गणेशलाई सिद्धिगणेशका नामले पूज्ने गरिएको छ । मन्दिर परिसरमा सबैभन्दा पूर्वतिर विष्णुमन्दिर, त्यसको पश्चिममा सिद्धिगणेश, बीचमा सिद्धकाली र सबैभन्दा पश्चिमतिर प्रकाशेश्वर शिवालय रहेका छन् । प्रकाशेश्वर शिवालयमा भने सादा शिवलिंग राखिएको छ । सिद्धकाली भेगमा दशैंको अवशरमा ठूलो मेला लाग्ने गर्दछ । सिद्धकालीले चैनपुर लगायत सम्पूर्ण संखुवासभाको पर्यटन विकासमा टेवा पुग्ने देखिन्छ ।

**सभापोखरी**

संखुवासभा जिल्लाको हिमाली भागमा पर्ने सभापोखरी सुन्दर हिमाली र पहाडी दृश्यावली हेर्दै पदयात्रा गर्न सकिने पूर्वकै सर्वोत्तम स्थान हो । लुम्बासुम्बा हिमालको काखमा रहेको यो पोखरी समुद्र सतहबाट ४२४० मिटरको उचाईमा रहेको छ । यो पोखरी सभा खोलाको मुहान पनि हो । प्रसिद्ध तिनजुरे, जलजले र मिल्केजस्तो गुराँसको वन क्षेत्रमा रहेको यो स्थान प्राकृतिक रूपमा अति सुन्दर छ । यस भेगमा २८ प्रजातिका गुराँसहरू पाइने गर्दछन् भने अनेक प्रकारका जंगली जनावर, किटपतंग, जडिबूटी र वनस्पति पनि पाइन्छन् । तसर्थ यो स्थान प्राकृतिक, सांस्कृतिक र धार्मिक दृष्टिले निकै महत्वपूर्ण छ । विशेषगरी जनै पूर्णिमाका अवशरमा यस पोखरी क्षेत्रमा ठूलो मेला लाग्दछ र धेरै टाढादेखिका मानिसहरू यस भेगको भ्रमणमा जाने गर्दछन् ।

**गुफापोखरी**

संखुवासभाको खाँदवारीदेखि करिब सोह्र कोस उत्तरपूर्वमा गुफापोखरी पर्दछ । यो पोखरी संखुवासभा, तेह्रथुम र ताप्लेजुङ्गको सिमानामा अवस्थित छ । पहाडको टाकुरामा रहेको यो  पोखरी धार्मिक एवं पर्यटकीय दृष्टिले निकै महत्वपूर्ण मानिन्छ । यो पोखरी समुद्र सतहदेखि करिब दस हजार फिटको उचाइमा रहेको छ । यहाँबाट कञ्चनजङ्घा, कुम्भकर्ण र मकालु हिमालको दृष्यावलोकन गर्न सकिन्छ भने करिव २८ प्रजातिका गुराँसहरू यसै भेगमा पाइन्छन् । तसर्थ जैविक विविधताका दृष्टिले समेत गुफापोखरी क्षेत्र निकै प्रख्यात छ । स्थानीय एक किंवदन्तीअनुसार अघि त्यस पोखरीको छेउमा रहेको गुफामा शिवपार्वती बस्ने र पोखरीमा नुहाउने गर्दा रहेछन् । शिवजीले नुहाएको पोखरीका रूपमा त्यसलाई पवित्र पोखरी मानिएको हो । त्यस्तै गुफाका छेउमा रहेकाले त्यसको नाम गुफा पोखरी राखिएको पनि बताइन्छ । गुफापोखरीको पानी सफा र निलो रङको छ । त्यहाँको पानी बेलाबेलामा ठूलो आवाज निकालेर पड्कने गर्दछ भन्ने मान्यता राखी स्थानीय मानिसहरू त्यस्तो पड्काईलाई प्राकृतिक बिपत्तिको सङ्केत मान्दछन् । पोखरीमा कसैले फोहरमैला गरेमा आँधीबेहरी आउँछ भन्ने मान्यता रहेकाले गाउँलेहरू त्यसलाई सफा राख्ने गर्दछन् । त्यस पोखरीभित्र नागनागिनी बस्ने तथा बेलाबेलामा तिनलाई मानिसहरूले देख्ने गरेको कुरामा स्थानीय मानिसहरूमा विश्वास गर्दछन् ।

**शिवधारा**

शिवधारा संखुवासभाको उत्तरी मकालु गाउँपालिकामा पर्दछ । वरूण नदीको किनारी भागमा रहेको शिवधारा एउटा छहराबाट गुफामा झर्ने गर्दछ । उक्त गुफाभित्र निकै ठूलो क्षेत्रफल छ । त्यसलाई शिवगुफा पनि भनिन्छ । गुफाको माथि गाईको थुनजस्तो स्वरूप देखिन्छ, जसबाट झरेको सेतो पानी तल रहेको प्राकृतिक शिवलिंगमा झर्ने हुनाले यसलाई शिवधारा भनिएको हो । यो धारा करिव ३० मिटर माथिबाट झरेको छ । शिवगुफाको भित्री भागमा भने करिव २०० जना जति मानिसहरू बस्न सक्ने क्षेत्र छ । हिमाली भागमा पर्ने शिवधाराको नजिकै पार्वती र गणेशगुफा पनि छन् । शिवधारा निकै सुनसान स्थानमा रहेको हुनाले त्यस स्थानमा विरलै मानिसहरू पुग्ने गरेका छन् । शिवधारा वरूण नदीको किनारी भागमा करिव ४६०० मिटरको उचाईमा रहेको छ ।

**टिएम्जे**

तिनजुरे, मिल्के र जलजलेलाई छोटकरीमा टिएम्जे भनिन्छ । टिएम्जे तेह«थुम र संखुवासभाको सिमानामा पर्दछ । यस पहाडमा जैविक विविधता भरपूर छ । यसमा पनि २८ जातका गुराँसका लागि टिएम्जे विश्वप्रख्यात छ । यसलाई लालिगुराँसको राजधानी पनि भनिन्छ । यहाँ अन्य प्रकारका वनस्पति, जीवजन्तु र जडिबूटी पनि पाइन्छन् । टिएम्जे २१००

देखि ५००० मिटरसम्म को उचाईमा छ । लुम्बासुम्बा हिमाल पनि यही श्रेणिमा पर्दछ । प्राकृतिक रूपमा अति सुन्दर स्थानमा रहेको टिएम्जे पर्यटन विकासको अत्यधिक सम्भावना बोकेको स्थान हो । जलजले हिमाल यसै भेगमा पर्दछ ।

## जिल्लाः सोलुखुम्बू

### तेंगबोचे गुम्बा

तेंगबोचे गुम्बा खुम्बू क्षेत्रको तेंगबोचे गाउँमा पर्दछ । यस गुम्बाका तिन तहको छाना छन् र यो चार तलाको छ । यसको अग्रभागमा एउटा आकर्शक प्रवेशद्वार बनाइएको देखिन्छ, जसको माथ्लो भागमा दुवैतिर मृगहरू बसेका प्रतिमा निर्मित छन् भने तिनीहरुको बीचमा धर्मचक्रको आकृति छ । गुम्बाको माथ्लो भागमा पित्तलको आकर्शक गजुर राखिएको देखिन्छ । तेंगबोचे गुम्बाको पृष्ठ भागमा देखिने हिमालको दृश्यावलोकनले यसको सुन्दरतामा अति धेरै अभिबृद्धि गरेको पाइन्छ । दावा छोइलिंग गुम्बाका नामले समेत जानिने यो गुम्बा खुम्बू क्षेत्रको खुम्जुंग स्थित तेंबोचे गाउँमा रहेको छ । यो स्थान समुद्र सतहदेखि ३८६७ मिटरको उचाईमा पर्दछ । यसलाई खुम्बु क्षेत्रको सवैभन्दा ठूलो गुम्बा मानिन्छ ।

### सगरमाथा

नेपालीमा सगरमाथा, अंग्रेजीमा माउन्ट एभरेस्ट र तिब्बती भाषामा झोमोलोङ्मा (विश्वकी मातृदेवी) नामले चिनिने विश्वको सर्वोच्च शिखर नेपाल र तिब्बतका बीचमा सिमानाका रूपमा रहेको छ । यो हिमाल महालङ्गुर हिमश्रृङ्खलाको एउटा चुचुराको नाम हो । यस हिमालको उचाई समुद्र सतहदेखि ८८४८.८६ मिटर उचाईको छ । यसको नाम सगरमाथा राख्ने काम बाबुराम आचार्यले वि.सं. २०१३ सालमा गरेका हुन् । सगरमाथा र नेपाल एक आपसमा पर्यायवाची जस्ता भएकाले विश्वमा सगरमाथाबाट नै नेपाललाई चिन्ने गरिएको छ । तसर्थ कोशी प्रदेशको पर्यटन विकासको क्षेत्रमा सगरमाथाको सर्वाधिक महत्व रहेको छ । सन् १९५३ मे २९ मा प्रथमपटक सगरमाथाका टुप्पामा पुग्ने व्यक्तिहरू नेपालका तेन्जिङ् नोर्गे शेर्पा र न्युजिल्यान्डका एड्मन्ड हिलारी थिए । उनीहरू सन् १९५३ साल मई २९ तारिखका दिन विहान ११.४५ बजे यसको शिखरमा पुगेका थिए । सगरमाथाको सफल आरोहण गर्ने प्रथम महिला जापानकी जुन्को ताबेई हुन् भने प्रथम नेपाली महिलाचाहिं पासाङ् ल्हामु शेर्पा हुन् । यसले नेपालको चिनारी विश्वसामु गराएको छ ।

### सगरमाथा राष्ट्रिय निकुञ्ज

सगरमाथा राष्ट्रिय निकुञ्ज सोलुखुम्बू भेगमा पर्दछ । सगरमाथा, लोत्से, नुप्से, चोयू, पुमोरी र आमादब्लाम आदि हिमशिखरलाई ओगटेर यो निकुञ्जको स्थापना वि.सं. २०३२ सालमा भएको हो । यसको क्षेत्रफल एक हजार एक सय अड्चालिस वर्गकिलोमिटर छ । २४५ ब.कि.मी. बफरजोन रहेको यस निकुञ्ज क्षेत्रबाट थुप्रै प्रकारका नदी र हिमनदी निस्किएका छन् भने त्यस स्थानमा अनेक प्रकारका ताल, हिमताल, वनस्पति र जीवजन्तु पाइन्छन् । ३३ प्रजातिका स्तनपायी, २०८ प्रजातिका चराहरू र १६० भन्दा ज्यादा प्रजातिका वनस्पति पाइने यो राष्ट्रिय निकुञ्ज विश्व सम्पदासूचीमा पनि परेको हो । सन् १९७६ मा स्थापना भएको यो राष्ट्रिय निकुञ्ज सगरमाथा क्षेत्रमा पर्ने हुनाले यसको विशेष महत्व रहेको छ । यो निकुञ्ज विशेषगरी हिमाली वनस्पति र जीवजन्तुका लागि ज्यादा प्रख्यात छ । सगरमाथा राष्ट्रिय निकुञ्जक्षेत्रमा विभिन्न प्रकारका हिमाली वनस्पति एवं जिवजन्तु पाइन्छन् । त्यहाँ पाइने हिमाली वनस्पतिमा गोब्रेसल्ला, ठिग्रेसल्ला, हेमलक, धुपी, भोजपत्र र गुराँस तथा अनेक प्रकारका जडिबुटीहरू पर्दछन् । डाँफे, चिलिमे र कालिजजस्ता चराचुरूङ्गी एवम् हिममृग, हिमचितुवा र भालुजस्ता जनावरहरू पनि यस निकुञ्जक्षेत्र भित्र पाइने गर्दछन् ।

## जिल्लाः ओखलढुंगा

### चण्डीस्थान गुफा

चण्डीस्थान गुफा ओखलढुंगा जिल्लाको पश्चिमी भागमा पर्ने रागिनी गाउँमा अवस्थित छ । चण्डीदेवीको थानका रूपमा रहेको यो गुफा निकै रहश्यात्मक पनि छ । यस गुफालाई स्थानीय किराती समुदायले चण्डी देवीको वासस्थान मान्दछन् । हिन्दू धर्ममा पनि चण्डीलाई शक्तिका रूपमा पूजाआजा गर्ने परम्परा पाइन्छ । यो गुफा करिव ९० मिटर लामो छ भनिन्छ । यस गुफाभित्र तातो हावा चल्दछ । यो स्थान धार्मिक महत्वको मात्र नभएर गुफा अध्ययनका लागि पनि महत्वपूर्ण मानिन्छ । यसको विकास गरी प्रचारप्रसार गरिएमा यो स्थान ओखलढुंगा भेगको महत्वपूर्ण पर्यटकीय स्थल बन्न सक्ने देखिन्छ ।

**पोकली झरना**

ओखलढुंगाको लिखु गाउँपालिकामा प्रसिद्ध पोकली झरना रहेको छ । यो झरना निकै सुन्दर छ । छाँगामाथि बाट झरेको पानी अति आकर्षक छ । यस झरनासम्म पुग्नका लागि यातायातको विकास गरिए र यसको प्रचार गरिएको खण्डमा यसले ओखलढुंगा भेगको पर्यटन विकासमा टेवा पुग्ने देखिन्छ ।

**कोटगढी**

कोटगढी ओखलढुंगाको ऐतिहासिक स्थल हो । यो गढीलाई किरातीहरूको गढी मानिएको छ । भग्न यस गढीको राम्रोसँग अध्ययन हुन सकेको छैन । यसको अध्ययन गरिएको खण्डमा यसले ओखलढुंगा भेगको इतिहास स्पष्ट हुने तथा यसले पनि पर्यटकलाई लोभ्याउने देखिन्छ ।

## जिल्लाः खोटाङ

**हलेसी महादेव**

हलेसी महादेव स्थान खोटाङको दिक्तेल बजारदेखि पश्चिमी भागमा पर्दछ । त्यहाँको कैलाश नामक थुम्कोमा रहेको शिवलिङ्ग आकृतिको प्राकृतिक प्रस्तरलाई नै हलेसी महादेवका नामले पूजाउपासना गर्ने परम्परा छ । उक्त प्रस्तर एउटा गुफाभित्र छ, जहाँ पुग्न बाहिरबाट चारवटा ढोकाहरू बनाइएका छन् । हलेसीमहादेव गुफाभित्र शिवलिङ्ग, गणेश, विष्णु र अन्य देवीदेवताका स्वरूपहरू बनेका छन् । त्यहाँ रामनवमी, शिवरात्री र बालाचतुर्दशीका दिन ठूलाठूला मेला लाग्ने गर्दछन् । तिनीहरूमध्ये हलेसीमा सवैभन्दा ठूलो मेला लाग्ने अवशर रामनवमी हो, जुन अवशरमा १६ दिनसम्म मेला लाग्ने गर्दछ । बौद्धमार्गीहरू हलेशी महादेव गुफामा रिम्पोछे (पद्मसम्भव)ले तपश्या गरेको मान्दछन् । यसरी हलेशी महादेव स्थान हिन्दू, किरात र बौद्धमार्गीको पनि आस्थाको केन्द्र मानिन्छ ।

## जिल्लाः उदयपुर

**रौतापोखरी**

उदयपुरको रौता गाउँपालिका स्थित थामडाँडा पहाडमा पर्ने धार्मिक दृष्टिले निकै महत्वपूर्ण तथा प्राकृतिक सुन्दरताले भरपुर रौता एउटा पोखरीको नाम हो । यिनलाई भक्तहरूको इच्छा पूरा गर्ने देवीका रूपमा पनि पूजाआजा गर्ने गरिन्छ । चिसो हावापानी, सुन्दर वनस्पति र लालिगुराँसका साथमा हरिया डाँडाकाँडाका कारण रौता पोखरी क्षेत्र उदयपुर भेगको अत्यधिक सुन्दर क्षेत्र मानिन्छ । पोखरीको क्षेत्रफल करिव ५ रोपनीजति भए पनि यसको वरिपरि भने हजारौं रोपनी जंगलक्षेत्र रहेको पाइन्छ । यो स्थान समुद्र सतहदेखि करिव १७०० मिटरको उचाईमा अवस्थित छ । यो पोखरी रौता, आँपटार, खाँबु र जालपा चिलाउने गाउँको सिमानामा पर्दछ । यहाँकी रौता पोखरी र खोटाङ्गी वराह पोखरीलाई दिदीबहिनी मान्ने परम्परा पाइन्छ । उदयपुरको रौतापोखरी क्षेत्रमा मकर संक्रान्ति, नयाँवर्ष र रामनवमीका अवशरमा मेला लाग्ने गर्दछ । यस बाहेक अन्यत्रबाट आउने यात्रीहरू उक्त स्थानमा जुनसुकै अवशरमा पुग्ने भए पनि तीज, बालाचतुर्दशी, शिवरात्री र अन्य विभिन्न अवशरमा चाहिं ठूलो संख्यामा मानिसहरू त्यहाँ पुग्ने गरेका छन् ।

**उदयपुरगढी**

उदयपुरगढी उदयपुरको कटारी बजारदेखि २४ कि.मी. पूर्वतर्फ एउटा पहाडको टाकुरामा पर्दछ । त्यहाँ नयाँ र पुरानो गरी दुईवटा गढीहरू रहेका छन् । यहाँको पुरानो गढी उदयपुरका स्थानीय सामन्तहरूले निर्माण गरेको गढी थियो । पछि वि.सं. १८७२ सालमा चौदण्डीगढीबाट उदयपुरको सदरमुकाम यस गढीमा सारिएको हो । सदरमुकामका रुपमा उदयपुर गढीमा पुरानो गढीको केही दक्षिण पूर्वतिर कार्यालयहरू निर्माण गरिएका थिए । पञ्चावती गाउँमा पर्ने यस गढी क्षेत्रमा पञ्चावतीमाई, गणेश र भैरवका मूर्तिहरू छन् ।

## ५. सन्दर्भ सामाग्रीहरु


१. वन विभाग, २०७५, **हाम्रो वन, वन विभागको बार्षिक प्रतिवेदन (आ.व. २०७३/७४),** वन विभाग, बबरमहल, काठमाडौं ।

२. कोशीटप्पु वन्यजन्तु आरक्ष, २०७६, **आ.व. २०७५/७६ को बार्षिक प्रगति प्रतिवेदन**, कोशीटप्पु वन्यजन्तु आरक्ष, पश्चिम कुशाहा, सुनसरी ।

३. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, २०७५, **नेपालका संरक्षित क्षेत्रहरु,** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं ।

४. पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, २०७४, **बार्षिक प्रतिवेदन, आ.व. २०७२/७३,** पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय, विराटनगर ।

५. उ.प.व.तथा वा.म, २०७६, **आ.व. २०७५/७६ को बार्षिक प्रगति प्रतिवेदन**, उ.प.व.तथा वा.म विराटनगर।

६. बजेट बक्तव्य, आ.व. २०८२/८३, आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगर (प्रकाशित मिति २०८२ असार १)।

७. दोस्रो आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६), कोशी प्रदेश योजना आयोग, विराटनगर, नेपाल ।

८. राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क कार्यालय, काठमाडौं ।

9789937186858